स्थानीय क्षेत्रको बलियो आधार

# स्थानीय सरोकार

मासिक



वर्ष १ अङ्क २ भाद्र २०८०

**LOCAL CONCERNS** A MONTHLY MAGAZINE




## विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार

पर्यटकीय क्षेत्रमा उल्लेखनीय योजनाका साथ विश्वका पर्यटक भित्राउने गाउँपालिकाको लक्ष्य



# Jaya Multiple Campus

## +2

Management
Humanities
Science
Law
NEB

## BA/BBS
## BASW/BCA
## BBM
## MBS

Affiliated to TU

Gokarneshwor-8, Makalbari
Kathmandu, Nepal
Tel: 5134140, 5134081
E-mail: info@jmcampus.edu.np

www.jmcampus.edu.np

# यस अङ्कभित्र




**त्रिभुवन विश्वविद्यालयले कलेजलाई अनुमति दिंदा ठुलो चलखेल !**

**-जीवन शर्मा**

८



**NEPALESE CUISINE**

***Kumar Chalise***
*Corporate chef*

२७



**दशौं आउन एक महिना मात्र बाँकी, सरकारले अझै थालेको छैन पूर्वतयारी**

रुषा थापा

२८

**गोकर्णेश्वरका मेयर रिसाल हेल्थ अवार्डबाट सम्मानित**



१४




२४

प्रकाशक
**निगरानी दैनिक मिडिया प्रा. लि.**

अध्यक्ष
**निर्मला दंगाल**

प्रधान सम्पादक
**जीवन शर्मा**

सम्पादक
**नर बहादूर तामाङ**

सह–सम्पादक
**शालिकराम भट्ट**

संवाददाता
**रूद्र ढुंगाना**
**तनबिर अन्सारी**
**कोपिला कोइराला**

सल्लाहकार
**डा. श्रीकृष्ण वाग्ले**
**रामचन्द्र लामिछाने**
**दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल**

कानुनी सल्लाहकार
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

फोटो पत्रकार
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८२-३००५००१
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

कम्प्यूटर ले-आउट
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं

मुद्रण
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल

# सम्पादकीय

## स्थानीय सरकारमा व्याप्त भ्रष्टाचारलाई यसरी गरौं न्यूनीकरण :

नेपालको अधिकांश स्थानीय सरकारलाई हेर्ने हो भने भ्रष्टाचारको जालोले नबेरिएको पालिका भेट्न मुस्किल नै पर्छ । अहिले अधिकांश स्थानीय प्रशासनमा भ्रष्टाचारले जरो गाडेर ठूलो समस्या बन्दै गइरहेको छ । स्थानीय सरकारले जनतामा सेवा पुऱ्याउँदा यसको विरुद्धमा दर्जनौं अपराधिक समूहहरूले आफ्ना लाभका लागि भ्रष्टाचार गर्दैछन् । देशमा व्याप्त भ्रष्टाचारको जालोलाई यसै तोड्न सजिलो भने पक्कै पनि छैन । त्यसैै कारण स्थानीय प्रशासनमा भ्रष्टाचार रोक्नका उपायहरूमा हाम्रो चिन्ता र कर्मठता चाहिएको छ । यस सम्पादकीयमा हामी स्थानीय प्रशासनमा भ्रष्टाचार रोक्न अवलम्वन गर्न सकिने उपायहरूका बारेमा छलफल गर्दछौं ।

**शिक्षा र जागरूकता** : शिक्षा र जागरूकतामा हाम्रो पहिलो प्राथमिकता हुने हो भने भ्रष्टाचार न्यूनीकरणमा केही हदसम्म भएपनि टेवा पुग्छ । स्थानीय तहका कर्मचारीहरू, नागरिकहरू, र युवाहरूलाई भ्रष्टाचारको विरुद्धमा जागरूक गराउँदा उनीहरूले भ्रष्टाचारका खिलाफ खडा हुन सक्छन् ।

यसका साथै अहिले चलिरहेको सरकारी कार्य प्रणालीमा परिवर्तन : हाल देखिएको सरकारी कार्य प्रणालीमा निकै नै भ्रष्टाचार देखिएको छ। स्थानीय प्रशासनको प्रक्रिया र विधिमा परिवर्तन गर्दा, सरकारको प्रणालीलाई पनि बदल्न सकिन्छ जसले भ्रष्टाचार रोक्नमा मद्दत पुऱ्याउँछ ।

**सशक्तिकरण** : जनतामा सशक्तिकरण गर्दा उनीहरूले स्थानीय प्रशासनमा भ्रष्टाचार रोक्नका लागि साथी र संगठनहरूसँग सहयोग प्राप्त गर्न सक्छन् ।

**प्राणी विमा र निगरानी** : स्थानीय प्रशासनले भ्रष्टाचारका खिलाफ प्राणी विमा र निगरानी गर्न सक्दछ। यसले अविश्वास तथा सफलतामा उत्तराधिकारी भन्ने भावनालाई बढाउँछ ।

**तर्किक वित्त प्रबन्धन** : स्थानीय प्रशासनले वित्त प्रबन्धनमा सुधार गर्दा लागतका प्रति शुद्धता र सफलतामा आकर्षण हुन सक्छ। यसले भ्रष्टाचार रोक्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । स्थानीय प्रशासनमा भ्रष्टाचार रोक्नु हामी सबैको अत्यावश्यक जिम्मेवारी हो । हामीले साथ दिँदा र निगरानी गर्दा स्थानीय तहलाई सशक्त, निष्पक्ष, र ईमान्दार प्रशासन बनाउन सक्छौं। यसले नेपालको स्थानीय प्रशासनलाई मजबूत बनाउँदै, नेपाललाई भ्रष्टाचारमुक्त बनाउने क्रममा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

आवरण

# पाँचपोखरी थाङपाल गाउँपालिकालाई

## देशकै नमुना बनाउने बाटोमा अध्यक्ष लामा

काठमाडौं-पाँचपोखरी थाङपाल गाउँपालिका-४ (तत्कालीन थाङपाल गा.वि.स)मा जन्मिनुभएका टासी लामा नेपाली राजनीतिमा एउटा उदाउँदो नक्षत्रका रुपमा परिचित हुनुहुन्छ । बसोबासका लागि पापाकोटदेखि काठमाडौंको गोकर्णेश्वर नगरपालिका ७ सम्म आइपुग्दा उहाँले धेरै नै उतारचढाव भोग्नुभएको छ । पापाकोटदेखि सुरु भएको राजनीतिक यात्रा अहिले पाँचपोखरी थाङपाल गाउँपालिकाको अध्यक्ष सम्म आइपुगेको छ । यो बीचमा पनि विभिन्न भातृ संघ, संस्थालगायतका नेतृत्व तथा कार्यभार सम्हाली सक्नुभएका लामाले अहिले पाँचपोखरी थाङपाल गाउँपालिकाको अध्यक्षका रुपमा दोश्रो कार्यकाल चलाइरहनु भएको छ । वि.सं.२०३३ असार १९ गते पिता शेर्पा लामा र माता निरमाया लामाको कोखबाट जन्मिनुभएका अध्यक्ष लामाले स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएको छ । लामा नेपाली, हिन्दी तथा अंग्रेजी भाषा लगायतका विभिन्न भाषामा पोख्त हुनुहुन्छ । २०५२ सालबाट आफ्नो राजनीतिक यात्रा शुरु गर्नु भएका लामा अनेरास्ववियु १२ औं जिल्ला सम्मेलनबाट अध्यक्षमा निर्वाचित हुनुभएको थियो । त्यस पछि नेपाल लोकतान्त्रिक आदिवासी जनजाती महासंघको केन्द्रीय उपाध्यक्षका रुपमा काम गर्दै उहाँले आफ्नो राजनीतिक यात्रालाई अझै अगाडि बढाउनुभयो । यति मात्र होइन नेकपा एमालेको सिन्धुपाल्चोक जिल्ला कमिटीमा ४ कार्यकाल संगठन विभाग प्रमुखका रूपमा उहाँले पार्टी तथा जनताका लागि काम गर्नु भयो । अहिले पनि उहाँ नेकपा एमाले बाग्मती प्रदेश कमिटी सदस्यका रुपमा पार्टीमा क्रियाशील हुनुहुन्छ । यी सबै अनुभवलाई नै देखेर उहाँलाई पार्टीले २०७४ सालको स्थानीय निर्वाचनमा पाँचपोखरी थाङपाल गाउँपालिकाको प्रमुखको रुपमा उठाएको थियो । उक्त निर्वाचनमा आफूलाई सक्षम प्रमाणित गर्दै लामाले भारी मतका साथ विजय हासिल गर्नुभएको थियो । उहाँ निर्वाचित भएसँगै पाँचपोखरी गाउँपालिकाले विभिन्न योजना अघि सार्‍यो र जनतालाई साथ लिँदै धेरै कामहरू सफलताकासाथ सम्पन्न गर्‍यो ।

पहिलो कार्यकालमा गरेको विभिन्न जनतामुखी कामले नै उहाँलाई दोश्रो पटकको निर्वाचनमा पनि जित दिलायो । २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पनि उहाँ नै गाउँपालिका प्रमुखको रुपमा निर्वाचित हुनुभयो । उहाँ मात्र होइन पाँचपोखरी थाङपाल पाउँपालिकामा दोश्रो पटक पनि धेरैजसो एमालेका उम्मेदवार नै विजयी भए । पालिका अध्यक्षमा टासी लामा र उपाध्यक्षमा सुनिता अधिकारी निर्वाचित हुनुभयो । उहाँहरूले २०७४ को स्थानीय तह निर्वाचन पनि जित्नुभएको थियो । टासीले गठबन्धनका मओवादी उम्मेदवार दोर्जे तामाङलाई पराजित गर्नुभयो । उहाँले ५ हजार ६ सय आठ मत ल्याउँदा प्रतिद्वन्द्वी तामाङले ४ हजार ४५ मत मात्र पाउनुभयो । त्यस्तै गठबन्धनकै कांग्रेस उम्मेदवारलाई हराउँदै अधिकारी उपाध्यक्ष चुनिनुभयो । अधिकारीले ५ हजार ७ सय २२ मत पाउँदा कांग्रेस उम्मेदवार गंगा चापागाईंले ४ हजार ३ सय ९३ भोट मात्र पाउनुभएको थियो । यसरी हेर्दा लामा राजनीतिक क्षेत्रमा उदाउँदो नक्षत्रका



## आवरण

रूपमा देखिनुभएको छ । पाँचपोखरी थाङपााल गाँउपालिका नेपालको पूरानो प्रशासनिक विभाजन अनुसार मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा र हाल बागमती प्रदेशमा पर्दछ । पाँचपोखरी नाम यो पालिकाको नाम प्रसिद्ध धार्मिक र



पर्यटकीय स्थल पाँचपोखरीसँग जोडिएको छ । यो गाउँपलिकाको स्थापना २०७३ सालमा राज्यको पुर्नसंरचना सँगै भएको हो । यो पालिकाको पूर्वमा जुगल, पश्चिममा हेलम्बु गाउँपालिका उत्तर तर्फ रसुवा र लाङटाङ राष्ट्रिय निकुञ्ज साथै दक्षिण तर्फ मेलम्ची नगरपालिका पर्दछ । यो गाउँपालिकाका नामाकरण भएको स्थल पाँचपोखरी यही पालिकाको वडा नं ३ भोताङको भौगोलिक क्षेत्र भित्रको राष्ट्रिय निकुञ्जमा पर्दछ । यो पालिकाको कूल क्षेत्रफल १८७.२९ वर्ग कि.मी. रहेको छ भने समुन्द्री सतहबाट ४१०० मिटरको उचाइमा यस पालिकाको उच्च भू-भाग पाँचपोखरी पर्दछ । नेपाल सरकारको निर्णयअनुसार साविकका बाँसखर्क, बरुवा, भोताङ, थाङपालकोट, गुन्सा, थाङपालधाप, भोटेनाम्लाङ र लागर्चे गा.वि.स.हरू समेटेर पाँचपोखरी थाङपाल गाँउपालिका घोषणा गरिएको थियो । वन, उर्वर कृषि जमिन, नदी नाला र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता, शिक्षित मानवीय स्रोतमा वृद्धि, जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु, शैक्षिक तालिम केन्द्रहरूको संचालन, पर्यटकीय गन्तव्यको लागि प्रशस्त स्थानहरू हुनु, बहुमूल्य जडिबुटीहरू प्रशस्त मात्रामा रहनु तथा धार्मिक महत्व बोकेका प्रसिद्ध स्थानहरू हुनु यस गाँउपालिकाको दिगो विकासका आधारस्तम्भका रुपमा रहेका छन् ।

यस गाँउपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरू बसोबास गर्छन् । यस पालिकामा पार्श्वचित्र सर्वेक्षण २०७५ अनुसार कुल घरधुरी संख्या ७,८०३ रहेको छ । महिलाको संख्या १६ हजार ९६४ र पुरुष १७ हजार७३३ गरी कुल जनसंख्या ३४ हजार ६९७ रहेको छ । घरधुरी सर्वेक्षण २०७५ अनुसार सबैभन्दा बढी तामाङ ४६५० घरधुरी (५९.५९%), दोस्रोमा क्षेत्री ९७३ घरधुरी (१२.४९%), तेस्रोमा दलित जाति ५२४ घरधुरी (६.७१%) रहेको छ । चौथोमा नेवार ४५७ घरधुरी (५.८७%) क्रमशः अन्य जाति २९१ घरधुरी (३.७३%), ह्योल्मो २२८ घरधुरी (२.९२%), गुरुङ १९७ घरधुरी (२.५२%), शेर्पा १६१ घरधुरी (२.०६%), ब्राह्मण १५७ घरधुरी (२.०१%), भुजेल जाति ९० घरधुरी (१.१५%), दनुवार जाति ५५ घरधुरी (०.७०%) तथा मगरको २० घरधुरी (०.२५%) रहेको छ ।

लामा पालिका प्रमुखका रुपमा निर्वाचित हुँदा छ वर्ष अगाडि पाँचपोखरी थाङपाल गाउपालिका विकास निर्माण स्थिति धेरै हिसावले कमजोर र जहाँतहि लथालिंङ्ग भताभुङ्ग अवस्थामा थियो । सडक, पानी, खानेपानी, विद्युत, शिक्षा र स्वास्थ्यको अवस्था निकै कमजोर थियो । पाँचपोखरी थाङपाल गाउँपालिकामा अध्यक्षका रुपमा लामा निर्वाचित भएपछि विभिन्न भौतिक संरचनाहरू निर्माण हुनुका साथै माथि उल्लेखित समस्याको समाधानका लागि विविध काम भएका छन भएका छन् । ती निर्माणलाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ ।

» निःशुल्क रुपमा उपलब्ध भएको ४५ रोपनी १३ आना जग्गाको क्षेत्रफल भित्र गाउँपालिका सभा हल सहितको १५ कोठाको २



वटा अस्थायी भवन, गाउँपालिकाको वातावरणमैत्री, जोखिममुक्त तथा पहिचान सहित ८ वटै वडाको भू-भाग देखिने ५ वटा भवन सहितको ३५ कोठाको पक्की भवन निर्माण सम्पन्न

» एउटै ढुङ्गामा ८४ फिटको बुद्धको मूर्ति कुँदने कामको

शुरुवात (बुद्ध पार्क)

» तिपेनीमा पाँचपोखरी प्राथमिक अस्पताल निर्माण सम्पन्न तथा धुलिखेल अस्पतालको शाखा मानेखर्कमा संचालन

» ८ वटा स्वास्थ्य चौकी पक्की भवन सहित ४ वटा स्वास्थ्य ईकाइ सम्पन्न

» बागमती प्रदेशको ठूलो विद्यालय मध्ये २ नम्बरमा पर्ने थाङपाल भ्याली सहित २६ वटा विद्यालय भवन निर्माण सम्पन्न



» पहिचान सहितको आधुनिक सूचना केन्द्र तथा प्रवेशद्धार निर्माण सम्पन्न

» खाल्डेखोला देखि चिण्डे सम्म ६ किलोमिटर सडक ढलान तथा गुन्सा रिङरोड सडक ढलान

» ८ वटा वडा जोडीने हिमाली चक्रपथ निर्माण, ३० वटा नयाँ ट्र्याक, १०५ किलोमिटर सडक स्तरोन्नती

» गाउँपालिकामा ३ वटा एम्बुलेन्स संचालनमा

» गाउँपालिकाभित्र ६०% स्वच्छ तथा व्यवस्थित खानेपानीको व्यवस्थापन

» २ वटा कृत्रिम झरना निर्माण (ड्रागन झरना भोताङ र तोप्केस्योङ झरना गुन्सा)

» पेमाछल उद्यान केन्द्र निर्माण

» पाँचपोखरीमा २ वटा हेलिप्याड सहित पर्यटन सिँडी निर्माण

» रैथानेश्वरी मन्दिर तथा ताल व्यवस्थापन

» ४० वटा गुम्बाहरू मध्ये १४ वटा गुम्बा, ४० वटा मन्दिर तथा २८ वटा मसान घाट निर्माण

» ५३ वटा सामुदायिक भवन निर्माण

» ५ वटा पक्की वडा कार्यालय निर्माण सम्पन्न

» २ वटा नेपाल टेलिकम टावर निर्माण सम्पन्न

» सबै वडामा विद्युत् लाईन विस्तार तथा काठको पोल विस्थापित, ३ हजार स्टीलको पोलको प्रयोग तथा नाङ्गो तार विस्थापन कार्यको शुरुवात

» भूकम्प प्रभावितहरूको ६९१५ निजी निवास निर्माण सम्पन्न

» ६ वटा वडा स्तरीय खेल मैदान निर्माण

» १ वटा शहिद पार्क निर्माण

» ३ वटा प्रहरी चौकी निर्माण सम्पन्न

» सुविधायुक्त तरकारी संकलन केन्द्र निर्माण

» ३ वटा मोटरेवल पक्की पुल निर्माण तथा १० वटा झुलुङ्गे पुल निर्माण सम्पन्न

» ५०% सिँचाई कुलो ढलान

» वडा नं.३,४,५ र ६ मा नमूना फोहोरमैला संकलन तथा व्यवस्थापन केन्द्र निर्माण

त्यस्तै संस्थागत क्षमता विकास तथा सुशासन तर्फ पनि थेरै कामहरू सम्पन्न भइसकेका छन् । ऐन ३२ वटा, कार्यविधि ३५ वटा, नियमावली ११, निर्देशिका २, मापदण्ड २, आचारसंहिता १ वटा निर्माण भएको छ भने उपभोक्ता समिति मार्फत काम गराउँदा सम्पूर्ण कामदार तथा खर्च भुक्तानी सम्बन्धित कामदार हरूको व्यक्तिगत बैंक खातामा भुक्तानी हुने व्यवस्था पनि लागू भइसकेको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण, भूउपयोग योजना तथा भूउपयोग सोचपत्र प्रकाशन, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन स्थानीय अनुकूलन कार्ययोजना निर्माण, झन्झटिलो कागजी प्रयोग कार्यहरूलाई विस्थापित गर्दै पेपरलेस कार्यको थालनी, डिजिटल घर नं. प्रयोगको थालनी, सडक



गुरु योजना निर्माण, परिवेश विश्लेषण तथा रणनीतिक योजना निर्माण तथा २ वर्षे तथा ४ वर्षे प्रगती प्रतिवेदन प्रकाशन,

**आवरण**

सामाजिक सूरक्षा भत्ता बैंकिगस्वास्थ्य तर्फ पनि यस पालिकाका महिलाहरूलाई निस्शुल्क सेनेटरी प्याड वितरण १४५०० जनालाई कोरना विरुद्धको खोप लगाईएको सबै वडामा रहेको स्वास्थ्य चौकिहरूमा बर्थिड सेन्टर विस्तार गरिएको चौकीबाट लामो दूरीमा रहेको टोल बस्ती ४ स्थानमा सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरी संचालन गरिएको थियो । सबै महिलाहरूलाइ निःशुल्क सेनेटरी प्याड वितरण १४ हजार ५०० जनालाई कोरोना विरुद्धको खोप लगाइएको, सबै वडामा रहेको स्वास्थ्य चौकिहरूमा बर्थिङ सेन्टरको बिस्तार गरिएको स्वास्थ्य चौकीबाट लामो दरिमा रहेको टोल बस्ती ४ स्थानमा सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरी संचालन गरिएको जनमुखी काम गर्दै आउनु भएको छ । स्वास्थ्य संस्थामा प्रसूति सेवा लिने आमाहरूको लागि रु एक हजार बराबरको एक क्रेट अण्डा सहित पोषिलो खानेकुरा वितरण, जुम्ल्याहा बच्चाको आमालाई पोषण खर्च स्वरुप एकमुष्ठ रु दश हजार दिने कार्यक्रम, बर्थिङ सेन्टरमा प्रसूति सेवा लिने महिलाहरूलाई गा.पा.को तर्फबाट रु एक हजार पाँच सय प्रोत्साहन स्वरुप उपलब्ध गराउदै आएको छ । गर्भवती, सुत्केरी र ७० वर्षमाथिका जेष्ठ नागरिकहरूको लागि एकतर्फी निशुल्क एम्बुलेन्स सेवा संचालन पालिका स्तरीय प्राथमिक अस्पताल निर्माण गरी संचालनमा गरिनुका साथै धुलिखेल अस्पतालको शाखा मानेखर्क धुलिखेल अस्पताल संचालन भएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ४ जना गर्भवती महिलाको प्रसूतिको जटिलताको क्रममा उद्धार गरिएको थियो ।



**शिक्षा तर्फ** : यस पालिकाले शिक्षालाई निकै महत्वका साथ हेरेको छ । गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ आधारभूत तथा माध्यमिक तथा आधारभूत शिक्षा नियमावली २०७४ प्रकाशन, पञ्च वर्षीय गाउँपालिका शिक्षा योजना (वि.स. २०७५/७९) प्रकाशन, गुणस्तरीय शिक्षाको लागि टिच फर नेपाल तथा हेल्प साथी शिक्षकहरूको व्यवस्था, आधारभूत तह (१८) स्थानीय पाठ्यक्रम कार्यान्वयनका साथै मेरो पाँचपोखरी कक्षा १, २, ३ र ६ कक्षा पाठ्यपुस्तक प्रकाशन गरी लागु भएको, मातृभाषा अन्तर्गत गोम्पा शिक्षाको शुरुवात, शिक्षा सुधार गर्न नौ बुँदे मानेखर्क घोषणापत्र जारी, विद्यालय समायोजन अन्तर्गत वडा नं। ४ मा रहेका सम्पूर्ण विद्यालयहरू एक आपसमा समायोजन गरी श्री थाङ्पालभ्याली मा.वि. नामाकरण गरी सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रदेशकै ठूलो विद्यालयका रुपमा सञ्चालन भएको, पाँचपोखरी सिकाई मेलाको शुरुवात, विद्यालय नर्स कार्यक्रम लागू जस्ता अन्य धेरै कार्य गर्दै आएको छ ।

**कृषि तर्फ** : पाँचपोखरी थाङपाल गाउँपालिकालाई हिमाली पालिकाको रुपमा हेरिए पनि कृषि तर्फः उल्लेखनीय सुधार भएका छन् । अखाद्य वस्तुहरूको आयातमा रोक तथा म्याद गुज्रेका वस्तुहरूको नष्ट गर्ने कार्यको शुरुवात यस पालिकामा भैसकेको छ । ग्रामीण कृषि उपज संकलन केन्द्र संचालन, अर्गानिक कृषि फर्म संचालन, अर्गानिक प्रमाणिकरण सम्बन्धी तालिम सम्पन्न, आलुको तथ्याङ् संकलन, किवि, मुला, आलु, अलैँची, चिया, बेसार र अदुवा पकेट क्षेत्रको शुरुवात, व्यवसायिक कृषि फर्महरूको संचालनमा वृद्धि, आफ्नो जग्गा भएको कृषि सहकारी संस्थाहरूलाई भवन निर्माणमा अनुदान, कृषि सहकारी संस्थाहरूलाई निर्ब्याजी चक्रीय पुँजी अनुदान, एक वडा एक कृषि प्राविधिकको व्यवस्था, बाँस, निँगालोको हस्तकलाको सामाग्री बनाउने उद्योग संचालन, लोप उन्मुख राडी पाखी लघु उद्यम पुनः संचालनमा आएका छन् ।

दुध बिक्री गर्ने कृषकलाई प्रति लिटर दुधमा रु २ अनुदान दिने कार्यको शुवात, पशु बिमामा ५०५ अनुदान कार्यक्रम संचालन, चौँरी, याक, भैँडा पालनमा अनुदान, एक वडा एक पशु प्राविधिकको व्यवस्था, छाडा कुकुरहरूलाई स्थायी बन्ध्याकरण, ट्राउट माछा प्रर्वद्धनमा जोड, जस्ता कार्य र स्थानीय उत्पादनमा पाँचपोखरी थाङपाल गाउपालिकाले जोड दिँदै आएको छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ** : रचनात्मक कार्य गर्दै आएको यस गाउपालिकाले पाँचपोखरी थाङपाल गाउँबाल

संरक्षण समितिमा रु ५३ लाखको अक्षयकोष खडा गरी वडाबाट सिफारिस भई आएका ९७ जना बालबालिकालाई अध्ययनका लागि छात्रावृत्तिको व्यवस्था गरेको छ । दलित समुदायका व्यक्तिलाई दलित स्वास्थ्य बिमा कार्यक्रम संचालन, हिंसामा परेका महिलाहरूलाई साझेदारी संस्था र गाउँपालिकाको आर्थिक सहयोगमा संरक्षण गृहमा पुर्नस्थापन गर्नुका साथै ७० वर्ष माथिका जेष्ठ नागरिकलाई निःशुल्क एकतर्फी एम्बुलेन्स सेवा सुचारु भएको छ । "क" वर्ग अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क सिफारिसको व्यवस्था साथै व्यवसाय गर्न चाहेमा कर छुटको व्यवस्था गरेको छ । लक्षित वर्ग



भित्रको आदिवासी जनजाति क्षेत्रमा विद्यावारिधी गर्ने व्यक्ति सम्मान र अध्यक्षसँग अनाथ तथा टुहुरा बालबालिका कार्यक्रम लागू गरी निरन्तर्तामा जोड दिँदै आइएको छ ।

पर्यटकीय सम्भावनालाई बलियो आधारका रुपमा प्राकृतिक सौन्दर्य तथा धार्मिक तथा सांस्कृतिक पक्षले गर्दा यहाँ पर्यटकीय सम्भावनालाई मध्यनजर गर्दै पालिका अध्यक्ष लामाले निम्नानुसारको काम गर्दै पर्यटनमा जोड दिनु भएको छ ।


» आधुनिक तथा डिजिटल पर्यटन सूचना केन्द्र तथा प्रवेशद्धार निर्माण
» पाँचपोखरी पर्यटन सिँडी निर्माण
» रक क्लाईम्बिङ तथा प्यारा ग्लाईडिङ तथा साईकलिङको सम्भाव्यता अध्ययन
» तिलमान पासको सफल आरोहण
» ४२०० मिटरको उचाई पाँचपोखरीबाट रैथानेश्वरी ताल सम्म पाँचपोखरी हाफ म्याराथुन प्रतियोगिता संचालन गरिएको
» पाँचपोखरी पथ मार्ग हुँदै गाङचेम्पो हिमालको सफल आरोहण
» पर्यटन एप्स् संचालनको चरणमा
» पाँचपोखरी पर्यटन नक्सा निर्माण तथा पाँचपोखरी आध्यात्मिक भूमी सम्बन्धी पुस्तक प्रकाशन
» होमस्टे संचालन विधि सम्बन्धी कार्यविधि निर्माण सम्पन्न तथा ३२ वटा होमस्टेहरू संचालनमा

यस गाउँपालिका हिमाली क्षेत्रमा पर्ने भएकाले चुनौतीका सामना निकै छन् । भूकम्पले सम्पूर्ण भौतिक संरचनाहरू ध्वस्त भएको हुँदा शून्य अवस्थाबाट शुरुवात गर्नुपर्ने भएकोले जटिल अवस्था छन् । जसमा दक्ष जनशक्तिको अभाव, कानूनको अभाव, श्रोतको कमी, कोभिडले थलिएको अवस्था, बाढी, पहिरो जस्ता विपदले गर्दा यस पालिकामा विकास निर्माण र पुनः निर्माण जस्ता कार्यमा निकै कठिनाई पनि सामना गर्नु परेको छ । यस पालिकाले भावी योजनाहरूलाई पनि अगाडि ल्याएको छ । पालिका अर्न्तगतका मुख्य सडकहरू कालोपत्रे गर्ने, पालिकाको गौरवको योजना अर्न्तगत (८४ फिट बुद्धको मूर्ती, पेमाछल उद्यान केन्द्र, रैथानेश्वरी ताल निर्माण, ड्रयागन झरना, जतन ज्वोथान पर्यटन सिँडी निर्माण, पाँचपोखरी सिँडी निर्माण, तोप्केस्योङ झरना)का कार्य भइरहेका छन । ३ वटा वडा कार्यालयहरू भवन निर्माण गर्ने बाँकी गुम्बाहरू निर्माण गर्ने, पालिका कभर्ड हल निर्माण र सुविधा सम्पन्न खेल मैदान निर्माण गर्ने, लामो ३ वटा झुलुङ्गे पुल निर्माण गरी एक स्थानमा सम्भाव्यता अध्ययन गरी बम्जी जम्प निर्माण गर्ने, ३ वटा मोटरवेल पक्की पुल निर्माण गर्ने, एक घर एक धारा निर्माण गर्ने, सम्पूर्ण सिँचाइका कुलोहरू ढलान गर्ने, २ वटा विद्यालय भवन निर्माण गर्ने, पालिका अर्न्तगतका मुख्य सडकहरू कालोपत्रे गर्ने जस्ता अन्य धेरै योजनालाई अगाडि सारेको छ । सामाजिक विकासका क्षेत्रमा निकै सक्रीय अध्यक्ष लामा गत वर्ष निर्वाचनका बेला उहाँको निर्वाचनको प्रचारप्रसारमा जनताको एकदमै उत्साहवर्द्धक सहभागिता रहेको थियो । उहाँको नेतृत्व कुशल प्रवाह देखेर घरदैलो अभियानमा सहभागी भएका थिए । अहिले सर्बे नेता, कार्यता, शुभचिन्तक एवं मतदाताहरूले एकतावद्ध भएर पाँचपोखरी थाङपाल गाउँपालिकाको विकास र सुशासनका काम गर्न साथ र समर्थन दिइरहेका छन् ।

निगरानी

# त्रिभुवन विश्वविद्यालयले कलेजलाई अनुमति दिंदा ठूलो चलखेल !

निगरानी ब्युरो/काठमाडौं । त्रिभुवन विश्वविद्यालयले २०७१ पुस ९ गते व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहका बिबिएम,



Invitation for "Expression of Interest"

Faculty of Management, Tribhuvan University, exclusively devoted in raising academic and professional excellence in management education through teaching, training and research hereby invites Expression of Interest (EOI) from the interested TU constituent, affiliated and interested management campuses/colleges to run BBM (for Kathmandu valley) BHM/BIM(out of Kathmandu valley) programs. EOI document should specify the following.

- Name and Contact information of the institution and its head.
- Affiliation details of the institution with the academic program(s)
- Description of institutional capacity and ability to launch the sought program in qualitative manner to actualize the specific objectives of the program (not more than 4 pages).
- Brief introduction of the on-going academic programs and the achievements made till date.
- Details of the human resource inventory (academic and administrative) and infrastructure set up along with the nature of ownership excellent.
- Academic track record of the past 3 years.

Interested institutions meeting the following criteria only may submit their applications.

- Institution receiving QAA Certification from the UGC Nepal or aiming to receive QAA certification within 4 years.
- Well developed infrastructure with land and building leased for at least 15 years.
- Enriched faculties with PhD, M.Phil and Master degree.
- Running TU affiliated management program for the past 4 years (only applicable for BBM program).
- Competent enough to run university level academic program.
- Well managed computer lab with adequate support systems and a library with sufficient collection of books and relevant materials.
- Running academic program not other than of TU affiliation.
- Campus/college running FOM program has to submit evidence of paying TU service charge
- Other academic and infrastructural requirements.

Faculty of Management reserves the right to accept or reject the received Expression of Interest. Only the short listed institutions will be eligible to file the application for affiliation to the mentioned program when notified. Feasibility study and technical study will follow after receiving the application. Affiliation will be granted strictly on competitive and meritorious basis sticking the number decided by the faculty. The faculty reserves the right to reject affiliation without assigning any reason whatsoever.

EOI is to be submitted by making clearly "Expression of Interest" on the envelope before 5pm of 29th January, 2015 in the following address.

Campus/College not applying for monitoring is not qualified to submit Expression of Interest

Tribhuvan University
Faculty of Management


बिएचएम र बिआइएम नयाँ कार्यक्रम थपका लागि आवेदन माग गरेको थियो । सोही अनुरुप विश्वविद्यालयबाट सम्बन्धन लिएर व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिहेका इच्छुक शैक्षिक संस्थाहरूलाई आवेदन दिन सूचना जारी गर्‍यो । सूचनामा व्यवस्थापन संकाय अन्तर्गत विश्वविद्यालयबाट सम्बन्धन लिएर अन्य कार्यक्रम सञ्चालन गरिरहेका कलेजहरूलाई नयाँ विषय थप्न इच्छुक भएका कलेजले २०७१ माघ १५ गते बिहिबार बेलुका ५ बजेसम्मलाई आवेदन दिन सक्नेगरी अन्तिम म्याद राखेर आवेदन माग गरेको थियो ।

त्रिभुवन विश्वविद्यालयले २०७१ पुस ९ गते व्यवस्थापन संकाय अन्तर्गत विषय थपका लागि निकालेको सूचना विश्वविद्यालयको उक्त सूचनालाई आधार मान्ने हो भने “नयाँ कार्यक्रम थप गर्नका लागि २०७१ माघ १५ को सूचना जारी हुनुभन्दा चारवर्ष पहिला देखि कलेजले सोही संकाय अन्तर्गतका कुनै अन्य कार्यक्रम सञ्चालन गरेको हुनुपर्ने भनिएको छ ।” साथै विश्वविद्यालय अनुदान आयोगमा क्युएए प्राप्त गर्नका लागि प्रक्रियामा गएको हुनुपर्ने समेत स्पष्ट उल्लेख छ । यो सँगै त्रिभुवन विश्वविद्यालयले बुँदागत रुपमा १५ वटा मापदण्ड निर्धारण गरेर कलेजहरूलाई कार्यक्रम थपका लागि अनुमति दिइने सूचनामा उल्लेख गरेको देखिन्छ । यसरी विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरेका कलेजलाई मात्रै नयाँ विषय थप्नका लागि अनुगमन गरेर प्रतिवेदनका आधारमा अनुमति दिइने बुझिन्छ । तर, तत्कालिन समयमा त्रिभुवन विश्वविद्यालयको कुनै पनि कार्यक्रम संचालन नगरेका नयाँ कलेजहरूले यही सूचनाका आधारमा नयाँ विषय थप गर्ने भन्दापनि नयाँ सम्बन्धनका लागि भनि आवेदन दिएको पाइएको छ ।

**सम्बन्धन दिनका लागि सूचना नै जारी नभएको समयमा उनीहरूले दिएको आवेदन कसरी विश्वविद्यालयको डीन कार्यालयमा दर्ता चै कसरी भयो ? आश्चर्यको विषय बनेको छ ।**

विश्वविद्यालयका एक कर्मचारीका अनुसार डीन कार्यालयको मिलेमतोमा यसरी आवेदन दर्ता गर्न कलेजहरू सफल भएको र पछि उच्च अदालतलाई भ्रममा पारेर सम्बन्धन दिने काम गरेको जनाएको छ । अर्को तर्फ विश्वविद्यालयले नयाँ कार्यक्रम थपका लागि निकालेको सूचनाको मिति र सम्बन्धनका लागि भन्दै आवेदन दिने कलेजको मिति मिल्दोजुल्दो छ । जसमा आरम्भ एजुकेशन नेटवर्क चितवनले २०७१ माघ १२ गते, संकल्प एजुकेशन नेटवर्क

निगरानी




बनेपाले २०७१ माघ १३ गते, युनिभर्सल कलेज अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट कलेज विराटनगरले २०७१ माघ १२ गते र चितवन मै रहेको अर्को कलेज निर्वाणा एजुकेशन नेटवर्क भरतपुरले २०७१ माघ १४ गते कम्पनी रजिष्ट्रार कार्यलयबाट कम्पनी दर्ताको प्रमाण पत्र लिएको देखिन्छ ।

विश्वविद्यालयले निकालेको सूचना अनुसार कलेजले पूरा गर्नुपर्ने मापदण्ड पूरा गरेको देखिदैन र सूचनाको म्याद सकिन लाग्ने मिति भन्दा तीनदिन अगाडी मात्रै दर्ता भएका कलेजलाई त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले २०७९ माघ १६ गते निर्णय गरेर सम्बन्धन दिएको छ । यसले विश्वविद्यालय शैक्षिक गुणस्तर कायम गर्ने भन्दा पनि आर्थिक लाभका लागि मापदण्ड विपरित सम्बन्धन बाड्ने काम भएको देखिन्छ ।

**विश्वविद्यालयबाट बिएचएम कार्यक्रम थपदिने भन्दै आवेदन मागिएको नयाँ कार्यक्रमः–**

» त्रिभुवन विश्वविद्यालयबाट ब्यवस्थापन संकाय अन्तर्गत सम्बन्धन प्राप्त गरेको ।

» विश्वविद्यालय अनुदान आयोगबाट क्युएए प्राप्तका लागि प्रक्रियामा गएको ।

» कलेजमा संचालित कार्यक्रमहरूको विवरण पेश गरेको ।

» नियमित रुपमा विश्वविद्यालय सेवा शुल्क बुझाएको बिल पेश गरेको ।

» सूचना जारी हुनुभन्दा चारवर्ष अगाडिदेखि सञ्चालनमा रहेका कलेजहरूलाई मात्र बिआइएम र बिएचएम कार्यक्रम थप दिने ।

तर आवेदन दिने चारवटा कुनैपनि कलेजले चारवर्ष अगाडिदेखि कलेज सञ्चालन गरेको देखिदैन । सम्बन्धन दिन


त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
योजना निर्देशनालय

**पूर्ण रूपले एक आपसमा गाभिई समायोजन (Merge) हुन चाहने सम्बन्धन प्रदत्त क्याम्पसहरूलाई अत्यन्त जरुरी सूचना**

नवीकरण अद्यावधिक भएका त्रिविबाट सम्बन्धन प्रदत्त दुई वा दुईभन्दा बढी क्याम्पसहरू पूर्ण रूपले एक आपसमा गाभिई समायोजन (Merge) हुन चाहेमा ती क्याम्पसहरूले आफ्नो क्याम्पस सभा वा सञ्चालक समितिबाट समायोजन हुने निर्णय गराई २०८० आषाढ मसान्तसम्म योजना निर्देशनालयमा निवेदन पेस गर्न सम्बन्धित सबै इच्छुक क्याम्पसहरूलाई सूचित गरिन्छ । समायोजन बापत कुनै शुल्क लाग्ने छैन । निवेदनसाथ निम्न कागजातहरूको प्रतिलिपि पेस गर्नुपर्ने छ । (१) **दुवै क्याम्पसको बेग्लाबेग्लै निवेदन** (२) **मर्ज गर्नुपर्ने औचित्य खुलेको र समाहित हुने क्याम्पस खारेज गर्ने समितिको निर्णय** (३) **सम्बन्धन पत्रहरू** (४) **नवीकरण पत्रहरू** (५) **अक्षयकोषको रसिद ।**

त्रिभुवन विश्वविद्यालयका ब्यवस्थापन डीन कार्यालयका तत्कालिन डीन प्रा.डा. डिल्ली शर्मा र कर्मचारीहरूले सम्बन्धनका लागि आवेदन दिएका चारवटा कलेजलाई प्रक्रियामा लगेको पाइन्छ जुन नियम विपरित छ । स्रोतका अनुसारः २०७१ सालमा सूचना जारी गरेका तत्कालीन डीनको अवधि सकिएपछि ब्यवस्थापन संकायमा प्रा.डा. शर्मा पुनः डीन नियुक्त भएर डा. शर्माले सो कलेजहरूलाई नै सम्बन्धन दिलाउने गरी त्यस प्रक्रियालाई अगाडि बढाईएको थियो । सोही अनुरुप डीन कार्यालयले तिनै चार कलेजहरूको सम्भाव्यता अध्ययन गरी तत्कालिन त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्मा पठायो । तर परिषद्ले नयाँ सम्बन्धनका लागि नभई संचालित कलेजहरूमा कार्यक्रम थपका लागि मात्रै भएको भन्दै निर्णय गरेर उक्त चार कलेजलाई सम्बधन दिन नमिल्ने निर्णय गर्‍यो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेका अन्य केही कलेजहरूलाई मात्र विआइएम र विएचएमका लागि कार्यक्रम थपको अनुमति दियो ।

**स्रोतका अनुसारः**

विश्वविद्यालयको नियम अनुसार आवेदन आईसकेपछि अनुगमनमा जानुपर्ने, सूचना शर्त र शर्त अनुसारका कागज खोज्नुपर्ने, अनुगमनको प्रतिवेदन बनाइ डीन कार्यालयको प्रक्रिया पूरा गरेर रेक्टरकोमा पठाउनुपर्ने, रेक्टरले उपकुलपतिकोमा पठाउनु पर्ने, उपकुलपतिले कार्यकारीको बैठकमा निर्णय गराउनु पर्ने प्रावधान छ तर उक्त चार कलेजहरूको हकमा सम्बन्धनका लागि नै नभएको निवेदनलाई गलत अर्थ लगाएर दर्ता नै गर्न नमिल्ने निवेदन मिलेमतोमा डीन

निगरानी

कार्यालयले दर्ता गराई अनुगमन गरेको पाईएको छ ।

२०७२ भदौ ७ गते उपकुलपति प्रा.डा. हिरा बहादुर महर्जन परिवर्तन भएर नयाँ उपकुलपति प्रा. डा. तिर्थ खनियाँ आएपछि पुनः चार कलेजहरूको सम्बन्धनको प्रक्रियालाई अगाडि बढाउन थालियो । खनियाँ आउनु भन्दा आगाडि एक वर्षको अवधिमा अनुगमन भएर प्रतिवेदन बनाइ सकिएको स्रोतले बतायो । त्यही समयमा कलेजहरूलाई सम्बन्धन दिलाउने गरी प्रक्रिया अगाडि बढाइएको स्रोतको दाबी छ । तर, परिवर्तन भएर आएका उपकुलपति प्रा.डा. तिर्थ खनियाँले सम्बन्धनका लागि नभई नयाँ कार्यक्रम थप्नका लागि मात्रै सूचनामा उल्लेख गरिएको भनेर सम्बन्ध दिन नमिल्ने निर्णय गराएको देखिन्छ । त्यसपछि नयाँ दर्ता भएका चार कलेजका संचालकहरूले रानीतिक दलहरूलाई दबाब दिन लगाउने, विभिन्न निकायबाट पत्र पठाउन लगाउने गरेको स्रोतको दावी छ ।

जब २०७६ भदौ ७ गते उपकुलपति प्रा. डा. तिर्थ खनियाको समय सकियो अर्का उपकुलपति नियुक्ति नहुँदासम्मका लागि तत्कालिन रेक्टर प्रा. डा. सुधा त्रिपाठीलाई उपकुलपतिको जिम्मा दिइयो । त्यो समयमा पनि उक्त कलेजहरूले सम्बन्धनको




निर्णय गराइ पाउँ भन्दै २०७६ असोज १० गते दर्ता नं. २४८ मा पत्र बुझाए र सो पत्रका आधारमा विश्वविद्यालय उपकुलपतिको कार्यालयले स्पष्ट पारिएको भन्दै पत्र लेख्यो । सो पत्रमा कार्यकारी परिषद्को २०७५ भदौ १० गतेको बैठकले नयाँ कार्यत्रम थपका लागि कलेजहरूलाई स्वीकृत दिएको तर निवेदक कलेजहरूको हकमा सम्बन्धन समितिबाट कार्यकारी परिषद्मा सम्बन्धनको अन्तिम निर्णयका लागि सिफारिस भएको अवस्थामा नयाँ सम्बन्धनको सम्बन्धमा मन्त्रिपरिषद्को २०७५ साउन १४ को निर्णय अनुसार विभिन्न विश्वविद्यालयले प्रदान गर्दै आएको सम्बन्धन अर्को आदेश नभएसम्म स्थगन गर्ने भन्ने निर्णयका कारण दिन नसकिने र अर्को सकारात्मक निर्णय आउनासाथ सम्बन्धन प्रदान गरिने लेख्यो । तर सम्बन्धन नदिने निर्णय हुँदा हुँदै पनि पत्रमा कार्यकारी परिषद्मा सम्बन्धनको अन्तिम निर्णयका लागि सिफारिस भएको भनि उल्लेख गरेको र सम्बन्धन दिलाउने मनासयबाट पत्र लेखिएको पाइयो ।

मन्त्रिपरिषद्को २०७५ साउन १४ को निर्णय अनुसार सम्बन्धनको प्रक्रिया स्थगन गरिएकोमा २०७७ फागुन ११ गते सो स्थगन फुकुवा गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विश्वविद्यालयलाई जानकारी दियो । त्यसपछि पनि कलेजहरूलाई विश्वविद्यालयले सम्बन्धन दिन सकेन । तर विश्वविद्यालयका केही पदाधिकारीहरूकै सल्लाहमा कलेजहरूले उच्च अदालत पाटनमा २०७८ पुस ७ गते रिट निवेदन दायर गरे । २०७९ असोज ५ गते उच्च अदालतले फैसला गर्दै निवेदकको माग बमोजिम कलेजहरूलाई सम्बन्धन दिन आदेश जारी गऱ्यो । अदालतको फैसला अनुसार त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले २०७९ माघ १६ गते निर्णय गर्दै उक्त ४ वटा कलेजहरूलाई शैक्षिक वर्ष २०७९/०८० देखि सञ्चालन गर्न स्वीकृतपत्र दियो । उच्च अदालत पाटनलाई समेत भ्रम र गुमराहमा पारि उक्त ४ वटा कलेजका संचालक तथा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन पदाधिकारी तथा त्रिवि कार्यकारी परिषद्का केही व्यक्ति समेतको मिलेमतोमा व्यक्तिगत लाभ हुनेगरी सम्बन्धन दिइएको स्रोतको भनाई छ ।

विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेका कलेजहरूलाई मात्र कार्यत्रम र विषय थप गर्न सूचना प्रकाशित भएको हो, नयाँ कलेजहरूलाई होइन भनि त्रिभुवन विश्वविद्यालय व्यवथापन डीन कार्यालयका पदाधिकारी एवम् कर्मचारीहरूले म लगायत अन्य कलेजहरूलाई निवेदन नै दर्ता गर्न नदिएको स्रोतले बतायो । तर, केहि नयाँ कलेजहरू दर्ता नै गर्न नमिल्ने निवेदन कसरी दर्ता गरे ? सम्भाव्यता अध्ययन गर्न कसरी गर्न लगाए ? दर्ता गर्न नमिल्ने कलेजलाई निहीत स्वार्थको लागि दर्ता गराएर सम्बन्धन दिएको पाइयो । यस सन्दर्भमा अख्तियारमा C-006651/080-04-22 र हेल्लो सरकार HS-WEB-48724 मा समेत उजुरी परेको छ । अचम्मको कुरा त के छ भने सोही समयमा कार्याकारी

निगरानी

परिषद्ले विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत विद्यार्थीको अत्याधिक छाप रहेको विएससी सिएस आइटीको नयाँ सम्बन्धनका


उच्च अदालत पाटन
संयुक्त इजलास
इजलास नं. ८
माननीय न्यायाधीश श्री धीर बहादुर चन्द
माननीय न्यायाधीश श्री मरिश्वर भण्डारी
आदेश
निर्णय नं. १४३
रिट नं. ०७८-WO-०५८२
विषयः- उत्प्रेषण, परमादेश समेतको उपयुक्त आदेश जारी गरी पाऊँ।
जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं.५ स्थित आरम्भ एजुकेशन नेटवर्क प्रा.लि. ....................१
जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं.१३ विराटनगरस्थित युनिभर्सल कलेज अफ टेक्नोलोजी एण्ड मेनेजमेन्ट प्रा.लि. ....................१
जिल्ला काभ्रेपलान्चोक, साविक उग्रतारा जनगाल गा.वि.स. वडा नं.८ जनगालस्थित संकल्प एजुकेशन नेटवर्क प्रा.लि. ....................१
जिल्ला चितवन, भरतपुर महानगरपालिका हाकिम चोक स्थित अवतार एजुकेशन नेटवर्क प्रा.लि. अन्तर्गतको निर्वाणा कलेज ....................१
विरुद्ध
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं ....................१
त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद् कीर्तिपुर, काठमाडौं ....................१
त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, विद्यापरिषद्, कीर्तिपुर, काठमाडौं ....................१
त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डिनको कार्यालय, कीर्तिपुर, काठमाडौं ....................१
नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन २०७३, को दफा ८(१) ब
यस अदालतको क्षेत्राधिकार भित्र निवेदन दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य ए
अदालतको ठहर आदेश र तपसिल यस प्रकार छः-
तथ्य खण्ड

लागि पनि सूचना जारी गरेको थियो । सो कार्यत्रम्म लागि पनि विश्वविद्यालयले आवश्यक अनुगमन पटक पटक गरेको थियो जुन यसरी नियमसंगत सूचना जारी गरी प्रकृयामा कार्यत्रम्मको टुङ्गो नलगाई नियम विपरित गरिएको कार्यलाई उच्च प्राथमिकतामा दिँदा त्यहाँ चरम आर्थिक चलखेल रहेको प्रष्ट देखिन्छ ।

**विश्वविद्यालय अनुदान आयोगको मापदण्ड पनि पूरा छैन ।**

सूचनालाई नै आधार मान्ने हो भने सूचनामा भनिएको छ नयाँ कार्यत्रम्म थपका लागि विश्वविद्यालय अनुदान आयोगमा क्युएएका लागि प्रक्रियामा गएको हुनुपर्छ । पहिलो कुरो त सूचना निकालिएको सम्बन्धनका लागि होइन उनीहरूले डीन कार्यालयसँगको मिलेमतोमा आवेदन दर्ता गराएको देखिन्छ भने दोस्रो कुरा उनीहरू नयाँ दर्ता भएका कारण क्युएएमा जान सक्ने अवस्था छैन यसको अर्थ के प्रष्ट हुन्छ भने यो सूचना नयाँ सम्बन्धनका लागि होइन । विश्वविद्यालय अनुदान आयोगको नियम अनुसार बुँदा नं. ४ मा भनिएको छ, "क्युएए प्रक्रियामा जानका लागि कम्तिमा पनि कलेज सञ्चालन गरेको पाँच वर्ष पुर गरेको हुनुपर्ने र एउटा व्याच ग्रजुएसन गरेर बजारमा गएको हुनुपर्ने ।" आयोगको यो बुँदा र विश्वविद्यालयले निकालेको सूचना अनुसार पनि नयाँ दर्ता भएका कलेजले मापदण्ड पूरा गर्न सक्दैनन् । त्यसैगरी बुँदा नं. ५ अनुसार पनि उक्त कलेजहरूले मापदण्ड पूरा गर्न सकेको देखिदैन ।

## *अदालतको फैसला अनुरुप अनुमति दिएका हौं– प्रा.डा. शर्मा :*

*यस विषयमा थप जानकारी लिन स्थानीय सरोकार प्रतिनिधि जीवन शर्माले त्रिभुवन विश्वविद्यालयमा पुगेर डीन प्रा.डा. डिल्ली शर्मा सँग २०७१ पुस ९ गत्ते र अदालतको फैसला २०७९ माघ १६ गतेको निर्णय अनुसार ४ वटा कलेजलाई बिबिएम, बिएचएम र बिआइएम स्वीकृती दिनु भएको हो ? भन्ने प्रश्नमा डीन प्रा.डा. शर्माले भन्नुहुन्छ, "सम्मनित उच्च अदालत पाटनको फैसला अनुरुप अनुमित दिएको र अघिल्लो कार्यसमितिले गरेको निर्णयको बिषयलाई अनुमिति दिएका हौं ।" अन्य बिषयका खासै केहि होइन कानुको पक्षलाई हेरेर अनुमित दिएको ब्युरोकर्मीलाई बताउनु भयो ।*

## *मैले नियम अनुसार छैन भनेर फिर्ता गरेको थिएं : पूर्व उपकुलपति प्रा.डा. खनियाँ :*

*यस विषयमा अझै विस्तृत रुपमा बुझ्न स्थानीय सरोकार व्यूरोले पूर्व उपकुलपति प्रा.डा. तिर्थराज खनियाँसँग टेलिफोन संवाद गर्दा उहाँले भन्नुभयो, 'यी ४ वटा कलेजलाई मेरो कार्यकालमा पनि अनुमति दिनु भन्ने माथिबाट नै आदेश आएको थियो तर मैले कानुन र प्रकृया नमिलेको भएर दिन सकिन । यही विषयलाई लिएर विभिन्न मिडियाले त्यतिबेला मेरो खेदो खनेका थिए ।' उहाँसँग गरिएको अडियो संवाद*

*मा सुन्न सक्नु हुनेछ ।*

# आकासिँदो महंगीका कारण सेकियो जनताको ढाड

## सरकार सँधै लाचार, घरधनीले बोल्यो कि सकियो

अनुसा थापा

पछिल्लो केही समययता महंगी ह्वात्तै बढेको छ । हरेक सामानको मूल्यवृद्धि भएको छ । सर्वसाधारणलाई बिहानबेलुका चुल्हो बाल्न पनि धौ धौ परेको छ । यस्ता जटिल अवस्थामा घरधनीहरूले कोठाबहाल बढाउँदा सर्वसाधारण मर्कामा परेका छन् । कोठाभाडालाई लिएर अहिले अधिकांश गुनासो गरिरहेको भेटिन्छन् । एउटै कोठामा दुई हजार रुपैयाँसम्म बढाइएको छ ।

त्यस्तै, १० हजार रुपैयाँ भाडामा लिएर फ्ल्याटमा बसेकाहरू पनि समस्यामा परेका छन् । एकैचोटी दुईदेखि तीन हजार रुपैयाँसम्म बढाइएको छ । अहिले बजारमा व्यापक आर्थिक मन्दी छ । पसलेहरूलाई आम्दानी नभएको चिन्ताले पिरोलिरहेको बेला घरधनीहरू भाडा बढाउनतिर लागिपरेका छन् । एकातिर दिनभर पसलमा आएर झिँगा धपाउनुबाहेक काम छैन, अर्कोतर्फ घरधनी भाडा बढाउँछन् ।




विगतदेखि नै बहालमा बस्नेहरूमाथि घरधनीले हेपाहा प्रवृत्ति देखाउँदै आएका छन् । भाडा लिन्छन् तर सेवासुविधा केही छैन । फोहोर, बत्ती, पानीको तिर्नुपर्नेभन्दा दोब्बर तिरिएको हुन्छ । विडम्बना, कतिपयले कोठाबहालमा बसेदेखि आजसम्म धाराबाट पानी चुहिएको देखेका छैनन् होला । किनेरै प्रयोग गर्नुपर्ने बाध्यता छ । फोहोरको पैसा पनि सबै बहालवालासँग उठाउन खोज्छन् घरधनीहरू ।

सेवासुविधा दिनेतिर घरधनीको चासो हुँदैन, भाडा बढाउनतिर मात्र हुन्छ । कोठाबहालमा बस्नेका निम्ति नीतिकानुन नहुँदा उनीहरू मर्कामा पर्दै आएका छन् । घरधनीले मनलागेको बेलामा भाडा बढाउने, कोठाबाट निकाल्नेलगायतका अमानवीय काम गर्छन् । तर, आफूले सेवासुविधा दिएको छ कि छैन ? यो चाँहि मतलब छैन । कोठा बहालमा बस्नेहरूलाई धैरै समस्यामा छ । तर, कसले देख्ने ? लुगा सुकाउने ठाउँ नै हुँदैन् । कुचुक्क परेको ठाउँमा घर बनाएको हुन्छ । न लुगा सुकाउने ठाँउ हुन्छ न बालबालिका, बृद्धबृद्धा घाम ताप्ने । छतमा त जानै दिइँदैन् । महिना सकिनुअगावै भाडा माग्न आउने धरधनीहरू पैसा लिन्छन्, बिल दिँदैनन् । सरकारले पैसा तिरेपछि बिल लिनु भन्छ तर, दिनुपर्नेले दिँदैनन् । बिरामी, एकल महिला, विद्यार्थी, मजदूरी गरेर खाने, बालबच्चा भएकाहरूलाई कोठा पाउन महाभारत छ ।

कोठा दिनै मान्दैनन्, घरधनी । सरकारी जागिरे, व्यापारी लगायत खोज्छन् । तर, यहाँ सरकारी जागिरेभन्दा मजदूरी गरेर खाने धैरे छन् भनेर बुझ्दैनन् । सानो परिवार घरधनीको ‘ काइटेरिया’ भित्र पर्छ । बालबच्चा भएकाले त कोठा नै पाउँदैनन् । कोठाबहालमा बस्नेले सामान पनि ल्याएको हुँदैन्, तीन महिनाको अग्रिम भाडा बुझाउनुपर्छ । मागेजति भाडा तिर्ने सहमति नजनाएसम्म बहालमा दिइँदैन् ।

बरु, खाली राख्ने चल्ती छ हामीकहाँ । घरधनीले बोल्यो कि सकियो । उनीहरूले जिब्रोले जति भन्छ, त्यति भाडा तिर्नैपर्छ । नत्र कोठा पाउने आश नगर्दासमेत हुन्छ । एउटा चिसो, अध्याँरो, खाट नअट्ने कोठाको लागि यत्रो पापड पेल्नुपर्छ । महंगो भाडा तिरेर दिनभर बत्ती बाल्नुपर्ने कोठा पाइन्छ । कोठाबहालमा बस्नेलाई घरधनीले हेप्न पाउनुको कारण हो सरकार । सरकार शहर केन्द्रित हुँदा यस्तो अवस्था सिर्जना भएको छ ।

काठमाडौं उपत्यका र जिल्लाका सदरमुकाममा मात्रै विकास भएको छ । गाउँगाउँमा त आज पनि बत्ती पुगेको छैन । कतिपय जिल्लामा बाटो पुगेको छैन । अस्पताल, स्कुल छैन । अनि

गाउँमा बसेर के गर्ने ? बिरामी मर्नै आँटिसकेको हुन्छ, अस्पताल पुऱ्याउनै एकदिन लाग्छ । स्कुल जान घण्टौं हिँड्नुपर्छ । सानो काम गर्न पनि सदरमुकाम पुग्नुपर्ने बाध्यता छ ।

'गाउँगाउँमा सिंहदरबार' भनेर सरकारले ठूल्ठूला नारा लगायो । गाउँमा कुनै सरकारी कार्यालय नै छैन, के-को सिंहदरबार ? गाउँगाउँमा सरकारी कार्यालय पुऱ्याए पो विकास हुन्छ । कार्यालय जति प्राय सदरमुकाममा छ । गाउँका जनता त अझैपनि काम लिएर घण्टौको बाटो हिँड्नुपर्छ । सरकारले गाउँमा बस्नेलाई जनता नसोच्दा बहालमा बस्नेको संख्या बढेको हो । पढ्नका लागि काठमाडौं वा जिल्लाको सदरमुकाम आउँछन्, । त्यहाँ कोठा लिएरै बस्नुपऱ्यो । कतिपय त उपचारका लागि टाढाटाढाबाट राजधानी आएर कोठा लिएर पनि बसेका छन् । राजधानी गएर मजदूरी गरेर खान्छु भनेर गाउँ छोडेकाहरू पनि कोठा बहालमा लिएर गुजारा गरिरहेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पूर्वाधारलगायतका सेवासुविधा यही छ । त्यही भएर पनि काठमाडौं उपत्यका र जिल्लाका सदरमुकाममा कोठा पाउनै मुश्किल हुन्छ ।

सरकारले गरेको भेदभावको बयान गरिसाध्य छैन । काठमाडौं उपत्यकामा बस्नेलाई कति सुविधा छ । ढोकैसम्म सरकारले पिच गरिदिएको छ । घरबाट निस्किनेबित्तिकै गाडी लागिहाल्छ । गाउँमा त सरकारले एउटा झोलुङ्गे पुलसमेत बनाउन सकेको छैन । तुइनबाट खोला तर्नुपर्ने बाध्यता छ । पुलसमेत नभएको ठाउँमा को बस्छ भन्छन्, झोलाझाम्टा बोकेर राजधानी हिडिहाल्छन् ।

अहिले गाउँ रित्तिनुको कारण यही त हो । श्रीमान वैदेशिक रोजगारीका लागि विदेशमा, श्रीमती बालबच्चा बोकेर राजधानीमा । विदेश नगएका पनि काठमाडौं आएर बसेका छन् । सबै कोठाबहालमा बस्ने भए, अनि घरबेटीले जति नै हेपे पनि सहनैपऱ्यो । चुइक्क आवाज निकाल्यो कि कोठा सरेर जा भनिहाल्छन् । फेरि कोठा खोज, सामान सार कम्ता दुःख छैन । महिनैपिच्छे भाडा बढाएपनि तिर्नुपरेको छ । जनसंख्याको ८० प्रतिशत भाडामा बस्छन् । भाडामा बस्नेमा राजनीतिक दलदेखि लिएर सरकारी कर्मचारी, व्यापारी, बुद्धिजीवी, शिक्षक, पत्रकारलगायत सबै छन् । उनीहरूलाई घरधनीको आनीबानी राम्रोसँग थाहा हुन्छ । तर, आवाज उठाउन चाँहदैनन् ? भाडामा बस्नेका लागि सरकारले कुनै कानुन बनाएकै छैन । घरधनी मात्र जनता हुन् जस्तो गरिरहेको छ सरकार ।

यहाँ नभएनि गाउँमा त आफ्नो घर छ, खेतबारी छ । तर, घरधनीले सुकुम्बासीजस्तो व्यवहार गर्छन् । सित्तैमा राखेजस्तो गर्छन् । कोठाबहाल, फ्ल्याट र सटरको भाडा तोक्नुपर्ने जिम्मा त सरकारको हो । कुन घर बस्नका लागि प्रयोग गर्ने ? कुन व्यापारिक प्रयोजन र कार्यालयका लागि ? सरकारले अहिलेसम्म वर्गीकरण गरिदिएको छैन । तल्लो फ्ल्याट कोठामा बस्नेलाई दिइएको हुन्छ, माथिल्लो फ्ल्याटमा अफिस सञ्चालन गरिएको हुन्छ ।

निजी सम्पत्ति भनेर सरकारले छाडा छोडेको अवस्था छ । कोठाबहालमा बस्नेले भाडा तिरेका छन् । तर, घरधनीले घरबहाल कर तिरेका छन् त ? घरबहाल कर छल्ने कार्यले व्यापकता पाएको छ । सबै कोठा भाडामा लगाइएको हुन्छ तर घर खाली छ भनेर कर नै तिर्दैनन् । एउटा घर भाडामा लगाएर घरधनीले लाखौं रुपैयाँसम्म कमाउँछन् । तर, राज्यलाई कर तिर्दैनन् । राज्य हिजो पनि हेरेको हेऱ्यै, आज पनि हेरे को हऱ्यै छ । घरधनीले यसरी भाडा बढेको बढ्यै छ तर यहाँ यो प्रश्न आजभोली बहालवालामा बस्ने जोकोहिको मुखमा भ्नुण्डिएको छ । वर्षौंदेखि उति नै तलबमा काम गर्नेहरू यहाँ छन् । सरकार न्युनतम तलब तोक्छ तर, रोजगारदाताले दिन मान्दैनन् । अहिले पनि पाँचदेखि १० हजारमा महिनाभरि काम गर्नेहरू छन् । सरकार 'एक्सन' मा उत्रिन नसक्ने अनि गरिब जनताचाँहि सडकमा सुत्ने ?

कोठाभाडा तिर्न नसकेपछि अन्तिम विकल्प त्यही नै रह्यो । महंगीले जनताको ढाड सेकिएको छ, सरकारलाई मतलब छैन । बिहानबेलुका छाक टार्न मुश्किल भइरहेको बेलामा कोठाभाडा बढाइन्छ । आम्दानी भए त ठिकै थियो, कामधन्दा छैन तैपनि घरधनीले बुझ पचाएका छन् । बेरोजगारी दिनहूँ बढिरहेको छ । महिनौंदेखि तलब नपाएको गुनासो अहिले व्यापक छ ।

अब त गुजारा गर्न नै सास्ती भइसकेको छ । जहाँ पनि पैसाकै कुरा आउँछ तर, दिनेले नै दिँदैनन् के गर्नु ? काम गरेको ठाउँमा तलब माग्यो, साहु आज र भोलि भन्छन् । कामदारहरूको समस्या कसले बुझिदिने ? जनतालाई सरकार छ भन्ने महसुस हुन सकेको छैन । सरकार लाचार हुँदाको परिणाम निमुखाहरूले भोगिरहेका छन् ।

# गोकर्णेश्वरका मेयर रिसाल हेल्थ अवार्डबाट सम्मानित

गोकर्णेश्वर नगरपालिकाका नगरप्रमुख दीपककुमार रिसाल हेल्थ अवार्डबाट सम्मानित हुनु भएको छ । उहाँलाई एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सम्मान गर्नु भएको हो । क्यान्सर पीडितहरूका लागि स्थानीय तहको सिफारिसमा संघ सरकारले दिने एक लाख रुपैयाँ अनुदानमा थप ५० हजार



रुपैयाँ थपिदिने निर्णय पहिलो कार्यपालिका बैठकबाट मेयर रिसालले गराउनु भएको थियो । अस्पतालको विकासमा प्राथमिकता दिएको र ७० वर्षमाथिका बिरामीको ७० प्रतिशत उपचार खर्च नगरले व्यहोर्ने नीति लिएका कारण रिसाललाई उक्त अवार्ड प्रदान गरिएको आयोजकको भनाई छ । स्वास्थ्य मन्त्रालयको साझेदारीमा स्वास्थ्य खबर पत्रिकाले हरेक वर्ष हेल्थ अवार्ड प्रदान गर्दै आएको छ । यस वर्ष १० वटा विधामा १३ जनालाई प्रधानमन्त्री प्रचण्डको हातबाट सम्मानित गरिएको थियो । नसर्ने रोगहरूको न्यूनीकरण तथा नियन्त्रणका लागि उत्कृष्ट योगदान पुऱ्याएबापत रिसाललाई उक्त अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ । अवार्ड वितरणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा गठन भएको छनौट समितिले देशका विभिन्न भागमा कार्यरत स्वास्थ्यकर्मी, जनस्वास्थ्यकर्मी, वकालतकर्ता, नीतिनिर्माता तथा स्वयंसेवीहरूको आवेदन, मनोनयन तथा सिफारिस आएको थियो । निःशुल्क स्वास्थ्य अवधारणा लागू गर्नुका साथै १० वटा स्वास्थ्य संस्थाबाट आधारभूत निःशुल्क स्वास्थ्य सेवा र ४ वटा संस्थाबाट ल्याब सेवा कार्यको थालनी गर्नुभएको छ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्राथमिकतामा राखी स्थानीय बासिन्दाहरूका लागि निःशुल्क कार्यक्रम ल्याउनु भएको छ । गोकर्णेश्वर नगर अस्पतालबाट ५ किसिमका विशेषज्ञ सेवा निःशुल्क रूपमा प्रदान हुँदै आइरहेको छ । जसमा अर्थोपेडिक तथा ग्यास्ट्रोलोजी, जनरल फिजिसियन सेवा, रेडियोलोजी सेवा, भिडियो एक्स-रे, स्त्री रोग विशेषज्ञ सेवा, बालरोग र मुटुरोग विशेषज्ञ सेवा रहेका छन् । रिसालले यसै वर्ष निजी अस्पतालसँग साझेदारी तथा वाचा अभिमुखीकरणलाई मुख्य रूपमा समावेश गर्नु भएको छ ।

जसमध्ये नेपाल मेडिकल कलेजमा ६५ वर्ष भन्दा माथिका नगरवासीलाई ७० प्रतिशत छुट (नेपाल मेडिकल कलेजबाट ४० र गोकर्णेश्वर नगरपालिकाबाट ३० प्रतिशत) को व्यवस्था गरिएको छ र एक लाखसम्मको छुट दिने व्यवस्था गरिएको छ । त्यस्तै ६५ वर्ष भन्दा मुनिका लागि ५० प्रतिशत छुट दिलाउनुभएको छ । त्यसैगरी मोतीयाविन्दुको निःशुल्क शल्यक्रिया, आङ खस्ने विरामी तथा पाठेघर क्यान्सरको निःशुल्क शल्यक्रिया तथा शंकास्पद क्यान्सर रोगीलाई निःशुल्क ल्याव परीक्षणको व्यवस्था नगर प्रमुख रिसालकै नेतृत्वमा भएको छ । यस नगरका नगरवासहीरूले शंकरापुर अस्पतालमा उपचार गराउँदा ५० प्रतिशत छुट पाउने छन् । जसमा शंकरापुर अस्पतालबाट ३० र गोकर्णेश्वर नगरपालिकाबाट २० प्रतिशत छुटको व्यवस्था गरिएको हो । आम्दा नेपाल नामक संस्था र यस नगरपालिकाबीच आपसी समझदारीमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर तथा स्त्री रोग बारेमा पनि काम हुँदै आएको छ । उहाँले प्रत्येक वडा कार्यलयमा निःशुल्क गर्भवती भिडियो एक्सरे सेवा, नेपाल सरकारबाट तोकएको औषधि निःशुल्क उपलब्ध, ५ वटा माध्यामिक विद्यालयमा नर्स कार्यक्रम सञ्चालन, २४ सै घण्टा एम्बुलेन्स सेवा सञ्चालन लगायतका अन्य धेरै काम गर्नु भएको छ ।


## गोकर्णेश्वर नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं । २. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । ४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । ६. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं । ७. लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**दिपक कुमार रिसाल** नगर प्रमुख | **सान्नानी लामा** नगर उप-प्रमुख | **टेकराज पन्थी** प्रमुख प्रशासकीय अधिकृत

**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, काठमाडौं, नेपाल

# निकट भविष्यमा महाजाल अर्थात् चक्रव्यूहमा परिणत हुँदै सामाजिक सञ्जाल

हाल विश्वको सबैभन्दा धेरै सूचना सम्प्रेषण गर्ने माध्यम बनेको सामाजिक सञ्जाल अहिले कतिपयका मानिसका लागि मायाजाल बन्न पुगेको छ । निकट भविष्यमा यो बहुजनका लागि महाजाल अर्थात् चक्रव्यूहमा परिणत हुने निश्चित छ । मानव जीवनको अभिन्न अङ्ग बन्न सफल सामाजिक सञ्जालले कैयौँ मूल्य र मान्यता स्थापित पनि गरेको छ जस्तैः सूचना सम्प्रेषण गर्ने, सूचनामाथिको पहुँच, विविध ज्ञान आर्जन गर्ने, सीपको विकास, नाता सम्बन्ध जोड्ने, व्यापार प्रवर्द्धन, नवप्रवर्द्धन, ज्ञानमा आधारित समाजको निर्माण र गुणस्तरीय सेवा प्रवाह आदि । सामाजिक सञ्जालको प्रयोग गरेर विश्वले नयाँ नयाँ कुरा सिकेको छ र व्यवहारमा लागू पनि गरेको छ । विश्वमा अभिव्यक्ति स्वतन्त्रताको बलियो खम्बाको रूपमा स्थापित सामाजिक सञ्जालहरू जस्तै : इष्टाग्राम, युट्युब, फेसबुक, ट्वीटर, टिकटक, पिन्टेष्ट, स्यापच्याट, लिङ्इन आदि हुन् । मानिस र समुदायको बीचमा अन्तर्क्रियामार्फत विचार, रुचि, ज्ञान, मनोरञ्जन, जानकारी एकआपसमा आदानप्रदान गर्ने सशक्त माध्यम बनेको छ सामाजिक सञ्जाल । डेस्कटप कम्प्युटर, ल्यापटप, ट्याबलेट र मोबाइलबाट समेत चलाउन सकिने भएकोले यो सबै नागरिकसम्म पहुँच पुऱ्याउन सफल भएको छ । प्रविधिमा भएको विकासको बदलिँदो परिवेशसँगै इन्टरनेट मानवजातिको अत्यावश्यक वस्तुभित्र पर्न सफल भएको विश्वले स्वीकार गरिसकेको छ । हाल विश्वमा दुई किसिमको सभ्यता सुरुवात भएको छ, पहिलो भर्चुअल र दोस्रो भौतिक । आउँदो केही दशकभित्र संसारको जनसङ्ख्याभन्दा करिब तीन गुणा बढी जनसङ्ख्या इन्टरनेटमा देखापर्ने आकलन गर्न सकिन्छ । अहिले सामाजिक सञ्जालका धेरै रूप छन् । जसमा इन्टरनेट फोरम, वेबलग, सामाजिक ब्लग, माइक्रोब्लगिङ, विकी, पोडकास्ट, तस्बिर भिडियो, चलचित्र आदि । सेवा प्रवाहअनुसार सामाजिक सञ्जालको लागि धेरै सञ्चार प्रविधि पनि उपलब्ध छन् । विकिपिडियाका अनुसार फेसबुक अहिले विश्वको सबैभन्दा बढी लोकप्रिय सामाजिक सञ्जालमध्येको एक हो ।



**किन बढि रहेको छ समाजिक सञ्जालमा दुरुपयोग ?** सामाजिक सञ्जाल चलाउँदा, खेल्दा अत्यन्त रमाइलो, मजाक हुने भए पनि यसले धेरैको घरबार चौपट बनाइदिएको छ । नाता सम्बन्धमा दरार ल्याएको छ । यसको गलत प्रभावमा परेर विद्यार्थीको पढाइ बिग्रनुको साथै मानव बेचबिखनको जोखिम बढेका समाचार आइरहेका छन् ।

सामाजिक सञ्जालको प्रयोगले स-साना धेरै नानीबाबुको नयाँ विषयवस्तु सोच्ने क्षमतामा ह्रास ल्याउनुका साथै घरबाहिर गएर खेल्ने, सिक्ने, सामाजिक दायित्व निर्वाह गर्ने समय बर्बाद गरिदिएको छ । समाजमा विभिन्न विकृति विसङ्गति सिर्जना गर्न, जाति धर्म, विचारका विरुद्ध आमसर्वसाधारण नागरिकबीच विभ्रम फैलाउन सामाजिक सञ्जालले मलजल गरेको छ । कतिपय मानिसका लागि पूर्वाग्रह साध्ने साझा चौतारी बनेको

छ अहिले समाजिक सञ्जाल । सूचनामाथि जाजुसी गर्ने, समाज राष्ट्रमा भ्रम फैलाउने, गलफती गर्ने, नानाथरी कुरा काट्नका लागि चिया पसल बनेको छ, सामाजिक सञ्जाल । यसको गलत अभ्यासले कैयौँ देशका सरकार समय समयमा निकै विवादमा परेका पनि छन् र राज्यले ठूलो मूल्यसमेत चुकाउनु परेको छ । सामाजिक सञ्जालमार्फत आफूलाई रिस उठेको मान्छेको हुर्मत काढ्ने, गालीगलौज गर्ने, लज्जास्पद र लाल्छनायुक्त शब्द प्रयोग गर्ने प्रवृत्ति बढेको छ । कसैसँग रिसइबी साध्न, बदला लिन, जो कसैको फोटा बिगारी, अश्लील सामग्रीको भिडियो बनाइ विभिन्न व्यक्ति, समूह र आफन्तजनलाई ट्याग गरी पठाइदिने अनि घर, परिवार, आफन्त, समाज र राष्ट्रमा घृणा फैलाउने, भ्रम सिर्जना गर्ने कार्य दिनहुँ वृद्धि भइरहेको साइबर ब्युरोले गरेको अध्ययनले देखाएको छ। समाजिक सञ्जालमा छाउने हल्ला, झुठा समाचारले सत्य र तथ्यमा आधारित समाचार स्रोतलाई समेत ओझेलमा परिदिने गरी फैलिरहेका हुन्छन् । आम मानिस नै ती समाचारलाई सत्य ठानेर सेयर, ट्याग र ट्वीट गरिरहेका हुन्छन् । कति मानिसले राम्रो मनसायले ती कार्य गरेको भए पनि त्यसको परिणाम अत्यन्त खराब र घातक साबित हुने गरेको तथ्यले देखाउँछ ।

हिजोआज विभिन्न बहाना बनाइ नजिक हुने, घरपरिवार, व्यावसाय, सङ्गठन र राज्यको बारेमा सूचना प्राप्त गर्ने र पछि तीनै सूचनालाई दुरुपयोग गरी उनीहरू माथि नै जाई लाग्ने गरेका घटनाहरू तमाम छन् हाम्रै समाजमा । केही मानिसले गलत नियत राखेर शब्द, तस्बिर, श्रव्य, दृश्य सामग्री तयार गरी व्यक्ति, परिवार, समाज र राष्ट्रकाविरुद्ध विभिन्न भ्रम, अफवाह फैलाउने गरिरहेका उदाहरणहरू प्रशस्त छन् । सामाजिक सञ्जालको दुरुपयोग गरी कैयौँ स्थानमा चोरी, ठगी, अपहरण, बलात्कार, यौनदुराचार, मानव बेचबिखन, व्यक्तिगत वा सङ्गठनिक सूचनाको चुवावट र चोरी हुने गरेको छ । यसले आममानिसमा भ्रम, तिरस्कार, दोष, नौराश्यता, कुन्ठा, बैमनस्यता पैदा गरेको नेपाल प्रहरीको दाबी छ । बरिष्ठ पत्रकार किशोर नेपालका अनुसार, सामाजिक सञ्जालमा छाएका व्यक्ति एकै विचार समूहका हुँदैनन् । विविध विचार समूहका ती मानिस, जो सम्पन्न संसारमा रमाउन चाहन्छन्, आफ्ना असामाजिक विचारसहित रमाइरहेका हुन्छन् । सामाजिक सञ्जाल अहिले निकै असामाजिक विचार र सामग्रीले भरिँदै गएको पाइन्छ । यसमा प्रेषित कतिपय सामग्री, विचार झुठा, भ्रम फैलाउने, दङ्गाफसाद गराउने, अरूको चरित्रहत्या गर्ने, मानमर्दन गर्ने, पीडितमा अनेक खालका पीडा, डर, बेचैनी, डिप्रेसन पैदा गरिदिने, खालका हुने हुँदा अब यो असामाजिक सञ्जाल बन्न पुगेको हो कि भन्न सकिन्छ । यसको लतमा फसेपछि अन्त्यमा मृत्युको मुखसम्म पनि मानिसलाई पुऱ्याएको अन्तर्राष्ट्रिय एक अध्ययनले देखाएको छ । सामाजिक सञ्जाल गफाडीका लागि गफ लगाउने साझा चौतारी भएको छ, अहिले । कतिपय मान्छे तीनै गफको पछि लागेर कमेन्ट, लाइक, सेयर, पोष्ट गर्न अरूलाई उत्प्रेरित गरिरेहका हुन्छन् । उनीहरू स्वयंलाई थाहा हुँदैन कि यसको परिणाम के हुन्छ र यस कार्यले कस्तो सजाय आकृष्ट गर्छ । यसको परिणाम कि त सजाय भोग्नेलाई थाहा छ कि त जागिर गुमाउनेलाई थाहा छ । अहिलेसम्म सयौँ जना सजायको भागीदार र कैयौँ जनाले नेपालमा समेत जागिरबाट हात धुनु परेका उदाहरण छन्। कानुनी अड्चन नेपालमा सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्ने कानुन प्रयाप्त छैन । कानुन निर्माणमा ढिला भएकै छ । कानुन समयमा नबन्दा अन्यायमा परेकाले न्याए पाउन सकिरहेका छैनन्। कानुनले मात्र सबै ठिक हुन्छ, त्यसो पनि सत्य होइन तर इन्टरनेट र सामाजिक सञ्जाललाई समेट्ने कानुनचाँहि देशलाई चाहिएको छ । सरकारले यसलाई चासो र चिन्ताका साथ लिन जरुरी छ ।

जनचेतनाको कमी हामी सूचना प्रविधि र सामाजिक सञ्जाल प्रयोगका हिसाबले धेरै नै अपरिपक्व अवस्थामा छौँ । सबैका बुवाआमा, छोराछोरी, आफन्त, गुरु गुरुआमा, मान्यजन, अग्रज, भाइबहिनी र साथीसँगी प्रायः सबै सामाजिक सञ्जालमा रमाइरहेका हुन्छन् । समय यसै खेर गएको हुन्छ । के हेर्ने के नहेर्ने, के लेख्ने के नलेख्ने, के सेयर गर्ने के नगर्ने, कस्तो सामग्री राख्ने कस्तो नराख्ने धेरैलाई ज्ञान अलि कम छ, त कतिलाई छैन नै । पाए जति, भेटाए जति सबै हेर्ने, प्रयोग गर्ने त्यसो गर्दा त्यो दुरुपयोग भइसकेको थाह नहुन पनि सक्छ । जब हाम्रा आमाबुवा, दाजुभाइ दिदीबहिनी, आफन्त, गुरुहरू मान्यजन, अङ्गजहरूमा सामाजिक सञ्जाल सञ्चालन र प्रयोगको बारेमा चेतना, ज्ञान आउँछ तब मात्र हाम्रो घर, परिवार, समाज, विद्यालय, महाविद्यालय र विश्वविद्यालयका गुरुहरूले नियन्त्रणको प्रयास सुरु

गर्नु हुनेछ । आफन्तजन, अग्रजले सल्लाह सुझाव दिनुहुनेछ जो अहिले उहाँलाई आवश्यक छ । अतः राज्यको ध्यान नियमन र नियन्त्रणभन्दा पहिले सामाजिक जागरणमा जान जरुरी छ । शिक्षक, प्रशिक्षक, समाजसेवी तयार गर्न आवश्यक छ । राज्यले गुरु योजना बनाएर लागू गर्न चाहेमा नसकिने कुरा पनि होइन । आमसञ्चार माध्यम र सामाजिक सञ्जाललाई नै सामाजिक जागरणको कार्यक्रममा उपयोग गर्न सकिन्छ । यसका लागि सरकारले डिजिटल साक्षरता कार्यक्रम तुरुन्त लागू गर्नुपर्छ । यदि तपाईं पनि फेसबुक तथा इन्स्टाग्राम प्रयोग गर्नुहुन्छ भने तपाईंका लागि निकै महत्वपूर्ण खबर छ । मेटा कम्पनीले आफ्ना दुई ठूला सोसल मिडिया प्लाटफर्म फेसबुक र इन्स्टाग्रामलाई सशुल्क बनाउने निर्णय गरेको छ । अर्थात् फेसबुक तथा इन्स्टाग्राम चलाउनका लागि तपाईंले पैसा खर्च गर्नुपर्नेछ । रिपोर्ट अनुसार मेटाले तत्कालका लागि युरोपमा यस्तो सशुल्क सेवाको सुरुआत गर्ने निर्णय गरेको हो । युरोपेली युनियनका तर्फबाट विज्ञापन तथा प्राइभेसीलाई लिएर लगातार दबाब बढिरहेको बेला मेटाले आफ्ना सेवाबापत शुल्क लिने निधो गरेको छ ।

सामाजिक सञ्जाल र सूचना प्रविधिको प्रयोगको हिसाबले हामी पनि अन्य विकसित देशका नागरिकभन्दा कम छैनौं तर सामाजिक सञ्जाल प्रयोगकर्ताको दैनिक गतिविधि नियाल्दा लाग्छ यसको सदुपयोगभन्दा दुरुपयोगमा बढी ध्यान गएको हो कि ? आफूले प्रयोग गरेका वा राख्ने गरेका सामग्रीको सकारात्मक र नकारात्मक पक्षको बारेमा ज्ञान अभाव भएको हो कि ? यो हाम्रो सामाजिक मूल्य मान्यताभित्र पर्छ कि पर्दैन, हाम्रो धर्म संस्कृतिभित्र पर्छ कि प्रदैन, हाम्रो कानुनले छुट दिएको छ कि छैन । त्यसतर्फ हेक्का नभएको हो कि ? कारण जे सुकै भए पनि आज कैयौं सोझा नागरिक सामाजिक सञ्जाल सही तरिकाले सञ्चालन र उपयोग गर्न नजान्दा प्रहरीको फन्दा पर्न बाध्य भएको सत्य हो । राज्यले अनुसन्धान गर्दा अपराधी नछुटून् र सोझा जनता नफसून् भन्ने कुरामा ध्यान केन्द्रित गर्न जरुरी छ । अन्यथा, धान खाने मुसो, चोट खाने भ्यागुतोजस्तै हुनेछ । सूचना प्रविधिको प्रयोगको अधिकतम फाइदा उठाउँदै






# दशैं आउन एक महिना मात्र बाँकी, सरकारको केही छैन पूर्वतयारी

यसपालिको दशैं आउन एक महिना बाँकी छ । तर, सरकारले अहिलेसम्म ठूलो तथा सानो रोडको गाडीको अग्रीम टिकट खुलाएको छ । यसतर्फ सरकारको ध्यान गएको छैन । यसले यसवर्ष पनि आम सर्वसाधारण दशैं मनाउनका लागि आआफ्नो जन्मथलो जानका लागि पाँच सयको बाटोमा दुई हजार रुपैयाँ तिर्न बाध्य हुनेछन् ।

नभएको पनि उनलाई थाहा छैन ।

यातायात व्यवसायीहरूले आम नागरिकबाट सरकारले तोकेभन्दा बढी भाडा उठाएर दिनहुँ १८ करोड रुपैयाँ ठग्छन् । ट्याक्सी मीटरमा जान मान्दैन । यातायात व्यवस्था विभागका सूचना अधिकारी तथा कर्मचारीहरू दिनभर कार्यालयमा हुन्छन् । रातमा व्यवसायीहरूले बोलाएको होटेल, रेष्टुरेन्टमा खाना, खाजा खान



सरकारभन्दा यातायात व्यवसायीहरू शक्तिशाली छन् । जनताले भोगिरहेको पीडा, दुःख सरकार देख्दैंन । उल्टै व्यवसायीको हितमा निर्णय गर्छ । अहिले ट्याक्सी तथा यातायात व्यवसायीहरूलाई यातायात व्यवस्था विभागका महानिर्देशकलाई फूलमाला लगाउन भ्याइनभ्याइ छ । विभागका महानिर्देशक उद्धवप्रसाद रिजाललाई यातायात क्षेत्रमा लामो समयदेखि सिण्डिकेट छ भनेर थाहैछैन । ट्याक्सीमा ४५ वर्षदेखि एउटै व्यवसायीको रजगज चलिआएको छ । यता, सरकार तथा ट्राफिक प्रहरीले यातायात व्यवसायीसँग लिनुपर्ने १५/१६ वटा विषयवस्तुमा ३२ वर्षदेखि राजस्व अभिवृद्धि

पुग्छन् । उनीहरू दशैं आउनेबित्तिकै आफ्नो जन्मथलो जानका लागि व्यवसायीहरूसँग सित्तैमा टिकट लिन्छन् । उता, व्यवसायीहरू दशैं नआउनुञ्जेल चुपचाप बस्छन् । तर, दशैं आएपछि विभिन्न माग राखेर भाडा बढाउन लगाएर सरकारको घुँडा टेकाउँछन् । व्यवसायीहरू आफूहरूको पक्षमा विभागका महानिर्देशकले काम नगरे सरुवा गरिदिने खुलेर भन्छन् ।

विभागकै अगाडि बस, माइको बस, ट्याम्पोलगायत सार्वजनिक यातायातले यात्रुहरूलाई दाउरा मिलाएभैंं मिलाएर हालिसकेको हुन्छ । भुण्डाएर यात्रा गरिरहेको हुन्छ । यता,

ट्याक्सीले मीटरमा यात्रु बोकिरहेको हुँदैन । तथापी विभाग यी सबै कुरा देखेपनि नदेखेभैंं गर्छ । विभागको अगाडि सिभिल अस्पताल छ । अस्पतालको गेटबाहिर बसेका ट्याक्सीहरू मीटरमा जाँदैनन् । बिरामीलाई समेत ठग्न उनीहरू छोड्दैँनन् । तर, यो पनि विभाग देख्दैन । लोकल गाडीमा सरकारले एक किलोमिटरबाट पाँच किलोमिटरसम्म १९ रुपैयाँ भाडा तोकिदिएको छ । तर, व्यवसायीहरू आधा किलोमिटर चढ्नेबित्तिकै यात्रुसँग २५ रुपैयाँ भाडा असुल्छन् । विद्यार्थी, अपांग, ज्येष्ठ नागरिकलाई भाडा छुट दिँइदैन । सरकारले २० वर्ष पूराना सवारीसाधन हटाउने निर्णय गरिसकेको छ । तर, २०५१ सालमा आएको ग्याँस ट्याम्पो, ०५६ सालमा आएको माइक्रो बस, ०५८ सालमा आएको बस, ट्रक, ढुवानी गाडी तथा २०५७ सालमा आएको ट्याक्सी पनि बाटोमा गुडिरहेका छन् । धुवाँको मुस्लो फ्रयालेर यस्ता सवारीसाधनहरू बाटोमा गुडिरहेका छन् । यस्ता सवारीसाधन विभाग तथा ट्राफिक प्रहरीकै अगाडिबाट गुड्छन्, बिडम्बना, उनीहरू देख्दैँनन् । ट्राफिक



२० वर्ष पुगेका सवारीसाधनको कागजपत्र चेकजाँच गर्दैन न त यी सवारीसाधन चल्नमा नै रोक लगाउँछ । प्राय दशैंको समयमा यस्ता सवारीसाधनहरू यात्रु बोकेर गुड्दा एकै दुर्घटनामा धेरैले ज्यान गुमाउन पुग्छन् । जहिले पनि दशैंको समयमा सबैभन्दा बढी सवारी दुर्घटना हुन्छन् । दशैं मनाउन आफ्नो जन्मथलो जान लागेका सयौंको बीच बाटोमै सवारी दुर्घटनामा निधन हुन्छ । उनीहरूको परिवारमा खुशी नआई दुःखको ओइरो लाग्छ । आफ्ना छोराछोरी सहरबाट आउलान् र रमाइलो गरौंला भनेर बसेका आमाबुबाहरू शोक मनाउनुपर्ने अवस्थामा पुग्छन् । तर, सरकारको यसतर्फ कहिले ध्यान जाँदैन । दशैं आउन एक/दुई महिना बाँकी हुँदा नै सावधानीका उपायहरू अपनाउँदैन । जब सवारी दुर्घटनामा सयौंले आफ्नो ज्यान गुमाउँछ, तब सरकारमा बसेकाहरू शोक व्यक्त जारी गर्छन् । अनि शोक र दुःख व्यक्त गर्दैमा उनीहरू जिउँदो भएर आउँछन् त ? उनीहरूको घरपरिवारमा छाएको दुःख मेट्छ र ?

काठमाडौं उपत्यकालगायत विभिन्न जिल्लामा बसेका नागरिकलाई दशैं आउनेबित्तिकै आफ्नो जन्मथलो कसरी जाने भनेर पिरालो हुन्छ । टिकट काट्नका लागि रातीदेखि नै जनता लाइन बस्छन् । यातायात व्यवसायीहरू सरकारलाई गलाएर वा आफ्नो मागपूरा गराएर बल्लतल्ल अग्रीम टिकट खुलाउँछन् ।तर, खुलेको तीन दिनमै टिकट सकियो भन्छन् । यातायात मन्त्री तथा यातायात व्यवस्था विभागका महानिर्देशकहरू पहिल्यै आफ्ना आफन्तका लागि टिकटको बन्दोबस गराउँछन् । दशैं आएपछि गुड्नेमा मात्र होइन, उड्नेमा पनि यस्तै छ । दश हजार रुपैयाँ भाडा भएकोमा बिस हजार रुपैयाँ तिर्नुपर्छ । दशैं आएपछि यातायात मन्त्री र पर्यटक मन्त्री व्यवसायीहरूसँग घुस खानमै व्यस्त हुन्छन् । अहिले आम सर्वसाधारण मन्त्रीहरू नै दलाली हुन् भन्छन् । यति मात्र नभई पैसा खान पनि उत्तिकै माहिर रहेको दाबी गर्छन् । यातायात व्यवसायीदेखि प्लेन व्यवसायीसम्मैले दशैंमा जनता लुट्छन् । तर, मन्त्रीहरू कमिशन खानमै व्यस्त हुन्छन् ।

अहिले ट्याक्सीहरू आफूहरूको दबाबमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले नयाँ ट्याक्सीको दर्ता नखुलाएको बताउँछन् । यसरी व्यवसायीहरूको दबाबमा नयाँ ट्याक्सी दर्ता नखोल्ने मन्त्रीहरूलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बर्खास्त गर्दैनन् । अहिले आम नागरिक ट्राफिक प्रहरीले बाटोमा एउटा पनि सवारीसाधनको कागजपत्र चेकजाँच गर्ने नगरेको बताउँछन् । ट्राफिक उभिएर मात्र बस्छ । कुन चालकले बिना लाइसेन्स सवारीसाधन चलाएको छ ? मादक पदार्थ सेवन गरेको छ ? कागजपत्र बिनानै सवारीसाधन चलाएको छ ? वा सवारीसाधनको अवस्था कस्तो छ ? भनेर ट्राफिक चेकजाँच गर्दैन । ट्राफिक प्रहरीले सवारीसाधन चेकजाँच नगर्दा एकातिर राज्यको ढुकुटीमा राजस्व आएको छैन, अर्कातिर सरकारले बनाएको ऐनकानून कार्यान्वयन भएको छैन । अहिले बिनालाइसेन्स सवारीसाधन चलाउने क्रम बढ्दो छ । यता, बिलबुक, रोडपर्मिट, जाँचपास, हरियो स्टिकर नभएका गाडीहरू पनि बाटोमा गुडिरहेका छन् । तर, ट्राफिक अनुगमन गरेर कारबाही गर्दैनन । यातायात व्यवस्था विभागको पनि यसतर्फ ध्यान जान सकिरहेको छैन ।

# युएईमा एक लाख पारिश्रमिक छाडेर नेपालमा च्याउ खेतीमा रमाएका युवा

वैदेशिक रोजगारीमा पाँच वर्ष बिताएका विनोद पौडेलले च्याउ खेतीमा रु एक करोड लगानी गरेका छन् । युएईमा मेनेजरको काम छाडेर नेपाल फर्किएका पौडेलले धादिङको थाक्रे गाउँपालिका-१० केवलपुरमा च्याउ खेती सुरु गरेका हुन् ।

युएईको कन्सल्टेन्ट कम्पनीमा मासिक भन्डै रु. एक लाख कमाई भइरहे पनि अब नेपालमै केही गर्नुपर्छ भन्ने सोचका साथ च्याउ खेती सुरु गरेको उनले बताए । "अर्काको देशमा अरूले दिएको रोजगारीले जति नै कमाई भए पनि नेपालमै कृषि खेती गर्नुपर्छ भन्ने पारिवारिक सल्लाहअनुसार च्याउ खेती सुरु गरिएको हो", पौडेल भन्छन्, "चार वर्षअघि सुरु गरेको च्याउले राम्रै आम्दानी दिइरहेको छ ।" विसं २०७६ मा काठमाडौँको नागार्जुन नगरपालिका-५ आमकोटबाट साझेदारीमा च्याउ खेती गर्न सुरु गरेका पौडेलले धादिङको केवलपुरमा ३० रोपनी जग्गामा च्याउ खेती गरिरहेका छन् । अहिले ४५ च्याउ घर छन् । दुई रोपनीमा ग्रिन हाउस छ ।



पौडेल भन्छन्, "१० रोपनी आफ्नै जग्गा हो, २० रोपनी जग्गा वार्षिक रु ७५ हजार भाडामा लिएको छु, च्याउमा मात्रै पूरा एक करोड लगानी भएको छ ।" अहिले दैनिक पाँच सय किलो च्याउ कालीमाटी फलफूल तथा तरकारी बजारमा पुग्छ, सरदर महिनामा २० दिनमात्र च्याउ बिक्री गर्दा १० हजार किलो च्याउ बिक्री हुँदै आएको छ, एक वर्षमा एक लाख २० हजार किलो च्याउ बिक्री गर्दै आएको उनको भनाइ छ । सदर प्रतिकिलो रु एक सय २० मा बिक्री गर्दा वार्षिक रु एक करोड ४४ लाखको करोबार हुने उनको अनुभव छ । जलेश्वर कृषि च्याउ तथा पशुपक्षी फार्म प्रालिमार्फत च्याउ बजारसम्म लैजान उनले रु २५ लाखमा गाडी किनेका छन् । तीनजना पूर्णकालीन र ६ जना आंशिक गरी नौ जनालाई उनले रोजगारी पनि दिएका छन् ।

पौडेल भन्छन्, "हिजो म अर्काको देशमा अरूकै काम गरेर आएको हुँ, आज आफ्नै नेपाली दाजुभाइलाई गाउँठाउँमा काम दिन सक्ने भएको छु ।" उनले दुईवटा ग्रिन हाउस बनाउन रु छ लाख अनुदान सरकारबाट लिएका छन् । काम गर्ने मजदुर खर्च, ब्याज, कच्चापदार्थ खर्च, औषधी उपचार र व्यवस्थापन खर्च कट्टी गरेर मासिक रु एक लाख २० हजार बराबर कमाई हुने उनको भनाइ छ ।

"कमाएको हिसाबले विदेशमा मासिक रु ७५ हजार आउँथ्यो । विना लगानीको कमाई ठिकै लाग्थ्यो, अहिले कम्पनीमा भएको लगानी रु एक करोडमध्ये ५० लाख ऋणमा छ, घरपरिवारसँगै बसेर कृषिमा राज्यलाई योगदान गर्न पाएको छु, यसमै खुसी छु", उनले भने । जाडो मौसममा तीन किलो र गर्मी मौसममा दुई किलो परालको पोका बनाएर बीउ उमार्ने गरिन्छ । च्याउ उत्पादनका लागि पराल तयार पार्नेदेखि ग्रिन हाउसमा लगेर पोका झुन्ड्याउने काम गरेबापत प्रतिपोका रु ३२ मजदुरले पाउँछन् । यसरी काम गर्दा एक मजदुरले सरदर रु एक हजार दैनिक पाँउछन् ।


## गोकर्णेश्वर नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं । २. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । ४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । ६. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं । ७. लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**बालकृष्ण बस्नेत** नगर प्रमुख

**मन्जु तामाङ** नगर उप-प्रमुख

**सुषमा महता के.सी.** प्रमुख प्रशासकीय अधिकृत

**बाह्रबिसे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल

# गरिवहरू राजनीति गर्नेका भोट बैंक मात्र त होइनन् नि ? कि हुन् ?

**सुन्दर सापकोटा**



जीवन एउटा सुन्दर प्राकृतिक अवसर हो । हामी चाहेर जन्मेका हुदैनौं, नचाहेर पनि जन्मदैनौं, चाँहदा जन्मदैनौँ । जन्म एउटा सबैभन्दा ठूलो संयोग हो । आविष्कार हो । प्रकृतिको सुन्दर र अनुपम सिर्जना हो । उपहार हो । जन्मपछि जीवन प्रारम्भ हुन्छ । रजनिस ओशो भन्छन्, जन्म त पाइन्छ तर जीवनलाई भने खोज्नु पर्दछ । जीवनको खोजी गर्नु एउटा कला हो।क्ष यसको अर्थ जिउनु अर्थात भोग्नुमा हुन्छ । यसको कुनै परिभाषा हुदैन् । भोगाइको के परिभाषा हुनु । यो यसै हुन्छ । त्यसै हुन्छ । जे छ, हुन्छ र हुनेछ त्यो नै सार्थकता हो ।

जीवनका कयौ काचुली फेरि सबै कुराहरू भोग्नु मेरो जीवनको एर्को पक्ष हो । सवै भन्दा ढुंगो साह्रो त्यो भन्दा नि नहुनु साह्रो' भनेजस्तै गरिव हुनु भन्दा साह्रो संसारमा अर्को केही छैन । गरिवको समाजमा कुनै स्थान हुदोरहेनछ । सबैले अपहेलित व्यवहार मात्र गर्छन । सबैले हेप्छन् । धेरैले जर्जर यातना र दुःख भोगिरहेका छन् । गरिवलाई अनेक यातना, उपमा र विशेषण दिने गरिन्छ । कसैले वास्ता व्यस्ता नै गर्दैनन् । सम्मानित ढंगबाट व्यवहार गरिदैन । गरिव भएकै कारण सामाजिक उत्पिडन र भेदभावको शिकार भई अपमानित जिवन विताउन परिरहेको यही समाजमा हामीले देखिरहेका छौ । गरिवले कागती निचोरे जस्तो अनुहार लिएर हिडिरहनु परेको छ । संयोगले बाँचे बाँचिहाल्छ नत्र आफ्नो इहलिला समाप्त पार्न बाध्य छ । गरिवको अभिभावक सरकार बन्नु पर्ने हो । तर सरकार त माफियाको चंगुलमा छ । सरकार नै माफियाको नोकर र दास भएको छ । माफियालाई मलजल गर्दै गरिवका मुद्धा ओझेलमा परेका छन् । सरकारका वरपरका आसे पासे लौरे घजेहरू लुटेर खान पल्केका छन् । सरकार त्यसैको वरपर घुमिरहेको छ । गरिवको बजारमा सहज पहुच हुने पर्ने तर बजारको नियन्त्रणमा सरकार चलिरहेको छ । जसले गर्दा गरिवीले दुई पत्र छाला गएका गरिवहरू फेरी अर्को पल्ट मर्नु परिरहेको छ । गरिव जीवनमा सास भएर पनि धेरै पटक मर्न पर्दो रहेछ । छोराछोरीलाई स्कूल पढाउदा फि तिर्न नसकेर एक पल्ट मर्छ । विरामी भएर उपचारका लागि अस्पताल जाँदा अस्पतालको खर्च बर्च तिर्न नसकेर अर्कोपल्ट मर्छ । सास अड्काउनका लागि जसरी भए नि खानु पर्‍यो । बजारमा चामल, दाल, तेल, तरकारी आदी किन्न जाँदा अर्को पल्ट मर्छ । लाज गाल ढाक्न मात्रै भए पनि लुगा त लाउनै पर्‍यो र बजारमा लुगाफाटो किन्न जाँदा फेरी अर्को पल्ट मर्छ । यसरी गरिव जीवनमा पाइलै पिच्छे मर्दै बाँच्दै गर्छ ।

गरिव बाँचेर पनि मरे तुल्य छ । देशमा मंहगीले आकाश छोएको छ । कुनै पनि बस्तु र सेवा खरिद गर्न सक्ने अवस्था र स्थिती छैन । गरिवले बजारमा गएर केवल आँखाले मात्र सपिङ गर्न सक्ने अहिलेको स्थिती छ । साच्चै भन्ने हो भने आम नेपाली यही श्रेणीमा जीवन विताई रहेका छन् । सडकको पेटिमा मकै पोलेर आफ्नो दिनचार्य चलाउने रामेछाप की सोममायाँ तमाङ उर्फः'माइली दिदि' को वेदनाका पोको कसलाई के थाहा! सडको पेटिमा वालेन दाईका सेनाले कति खेर आएर, भए भरका सबै मकै र पोल्ने दाउरा लगिदिन्छ की भन्ने मनमा ठुलो चिन्ता परेको हुन्छ । घरमा दुधे नावलक छोरी छिन् । श्रीमानको कुनै अतोपत्तो नभएको महिनै बित्यो। गाउँमा भएको खेतीपाती बाँजो छोडेर शहर पसेकी माइली दिदिको कथा सुन्दा आँखा रसाएर मन भकानिन्छ । माइली दिदि त एक प्रतिनिधि पात्रमात्रै हुन् । दिदि जस्ता कयौ छन् जो आफ्ना पिडा र गाथा सुनाउने ठाउँ नै छैन । गरिवको यो दुनियमामा कोही भरपर्दो सहारा हुदैन । सवै मुखले मात्र ठिक्क पार्छन् परेका दिन सवैले बहाना मात्र गर्छन् । अहिले हेर्दा लाग्छ मानिस त के दुःखमा गरिवलाई साथ दिने भगवान पनि हुदैन । भगवानले पनि बढी दुःख दिएको जस्तो लाग्छ । तमाम दुःख, पिर, मर्का, चोट, बेदना सहनु भन्दा अर्को विकल्प गरिव सँग छैन । खाने लाउने हिड्ने डुल्ने चाहना सवै आफु मरेर जाँदा सँग मरेर जान्छ । गरिव भएर बाँच्नु पर्दाको पिडा केवल गरिवलाई मात्र थाहा हुन्छ । ठूला ठूला महलमा बस्ने र मंहगा गाडी चढनेलाई के थाहा ? गरिवले हरेक रात खाने नभएर भोकै सुत्नु परिरहेको छ ।

लाउने नभएर जाडोले मर्नु परिरहेको छ । औषधी उपचार गर्ने पैसा नभएर रोग पालेरै कुहिएर बस्नु परिरहेको छ । छोराछोरी पढाउने पैसा नभएर भविश्यका कर्णधार त्यसै खेर गइरहेका छन् । अनेकौ इच्छा, आंकाक्षा र चाहनालाई तिलाञ्जली दिनु परेको अवस्था छ । सपनाहरू विपनामा परिणत गर्न सम्भव छैन । मन भित्रका भावना र संवेदनालाई दवाउनु पर्ने अवस्था छ । यस्ता गरिवको पिढा र बेदना कस्ले बुझ्ने ? अहिले त तीन तहका सरकार छन् । कुनै न कुनै सरकारले सम्वोधन गरे हुदैन र ? गरिवहरू राजनीति गर्नेका भोट बैक मात्र त होइनन् नि ? कि हुन ? के चुनाव जितेर राज्य सत्तामा पुगे पछि गरिवका आशु पुछ्नु पर्दैन ? आखिर गरिवको भोटले राज्य सत्तामा पुग्ने र पुँजीपति बर्गको हितमा काम गर्ने देशका शासकहरू अलिकति पनि जिम्मेवार देखिदैनन् र उनीहरूको रवैयाको साक्षी बन्दै गरिव अर्को पल्ट मर्छ ।

गरिवले कागती निचोरे जस्तो अनुहार लिएर हिडिरहनु परेको छ । संयोगले बाँचे बाँचिहाल्छ नत्र आफ्नो इहलिला समाप्त पार्न बाध्य छ । गरिवको अभिभावक सरकार बन्नु पर्ने हो । तर सरकार त माफियाको चंगुलमा छ । सरकार नै माफियाको नोकर र दास भएको छ । माफियालाई मलजल गर्दै गरिवका मुद्दा ओझेलमा परेका छन् । सरकारका वरपरका आसे पासे लौरे घजेहरू लुटेर खान पल्केका छन् । सरकार त्यसैको वरपर घुमिरहेको छ । गरिवको बजारमा सहज पहुच हुने पर्ने तर बजारको नियन्त्रणमा सरकार चलिरहेको छ । जसले गर्दा गरिवीले दुई पत्र छाला गएका गरिवहरू फेरी अर्को पल्ट मर्नु परिरहेको छ ।

गरिवलाई खान, लाउन, बस्न, शिक्षा, स्वास्थ्यको कुरा त परै जाओस सास फेर्न पनि गाह्रो छ । मरी हाल्न पनि सक्दैन इच्जतदार र गुणस्तरिय जीवन विताउन पनि सक्दैन । मर्नु भन्दा बहुलाउनु बेस भने जस्तो कयौ गरिव गरिविकै कारण पागल भएर रोडमा ढुंगा हान्दै हिडिरहेका पनि छन् । नेपाली समाजको गलत आचरण र व्यवहारका कारण गरिव अझ गरिव बन्दै गइरहेको छ र यो हेर्दै अर्को पल्ट मरिरहेको छ । यहाँ गरिवले काम गर्छु भनेर काम गर्न पनि पाउदैन । चिहान खन्न विदेशी भूमीमा जानु पर्ने बाध्यता छ । नेपालीहरू त छोराछोरी पाउने मेसिन मात्र हुन् । छोराछोरी विदेशीका लागि जन्माइदिएका हुन् । अलि ठूला भए पछि विदेश कुदी हाल्छन् । नकुदेर पनि के गरुन ? देशमा बसेर काम गर्ने परिस्थित नै छैन । नेपाली गरिव भएर नै छोराछोरी विदेश फरार भएका हुन् । यता नेपालमा बाउआमा छोराछोरी सम्झेर छाति पिटी पिटी रुन्छन् उता विदेशमा छोराछोरी बाउआमा घर परिवार सम्झेर सिरानी भिजाउछन् । यो दर्दनाक स्थिती भित्र गरिव नेपालीको कथा लुकेको छ । जसले गरिव माया, प्रेम र सम्वन्धको अभावमा फेरी मर्छ । आखिर मान्छे किन गरिव हुन्छ ? गरिव धेरै कारणले हुन सक्छन् । राज्य व्यवस्था, कुशासन, साधनस्रोतको असमान वितरण आदीका कारणले मानिस गरिव हुन सक्छ । जे सुकै कारणले गरिव भएता पनि राज्यले नीति बनाएर गरिवी न्यूनिकरण गर्नु पर्छ । तर यस देशमा कुनै पनि ऐन, कानून, नीति नियम सवै गरिवका विरुद्धमा तयार भएका छन् ।

नेपालमा अझै पनि २८ दशमलव ५ प्रतिशत बहुआयामिक रुपबाट गरिव रहेको तथ्यांक सार्वजनिक गरिएको छ । राष्ट्रिय योजना आयोगले काठमडौँमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको नेपाल बहुआयामिक गरिवी सूचकांकमा सन् २००६ देखि सन् २०१४ को अवधिमा नेपालको गरिवी आधा घटेको पनि उल्लेख गरिएको थियो । सबै प्रदेशहरूमा आधारित रहेर पहिलो पटक तयार पारिएको सूचकांकमा प्रदेश नम्बर ६ र २ मा बहुआयामिक गरिवीको दर उच्च रहेको तत्कालिन तथ्यांकमा उल्लेख छ ।

त्यसैगरी प्रदेश नम्बर ५ र ७ मा यो दर ३० प्रतिशत रहेको छ । यता प्रदेश नम्बर ३ र ४ मा भने सबै भन्दा कम १५ प्रतिशत गरिव रहेको देखिएको छ । सूचकांकले ० देखि ९ वर्ष उमेर समूहका बालबालिका सबैभन्दा बढि गरिव समूहमा परेको देखाइएको छ । यो सूचकांकलाई आधार मान्ने हो भने नेपालका बालबालिकाहरू अरु धेरै देशहरूका जस्तै बहुआयामिक गरिवीबाट विषय रुपमा प्रभावित रहेको देखिन्छ । नेपालमा त शासकहरू राज्य मेरो बाउको विर्ता हो जस्तो गर्छन । शाससकले गरिवको बेदना नबुझेका होइनन् तर उनीहरू गरिवको पक्षमा काम गर्दैनन् । त्यसैले लाखौ रुपयाँ ऋणको भारी टाउकोमा बोक्दै गरिव फेरी मर्छ । गरिवले जति कराए पनि चिच्याए पनि सुन्ने कोही हुदैन । ठूलालाई मोजमस्ती र भोज भतेरमा नै फुर्सद छैन । गरिव दिनदिनै यसरी मरिरहदा उनीहरूका लागि न सरकार छ न अरु कोही । गरिवले कतै बाट पनि चित्त बुझाउने ठाँउ नै छैन ।

देशमा सरकार भएर पनि गरिवले टुहुरो जिन्दगी विताइ रहनु परेको छ । कागताली लागेर पदमा पुगेको शासक सिंगान आउदा गिलो दिसा लाग्दा उपचारका लागि राज्यको पैसामा विदेश सयर गर्दा गरिवले आफु क्यान्सरले कुहिएर हाँसी दिनु पर्ने स्थिती छ । अलिकति राज्य चलाउनेलाई लाज, घिन र सरम हुनु पर्ने त्यो

# पाँचपोखरी थाङपालकोटबाट उदाएका एक तारा

## -प्रकाश सापकोटा



काठमाडौं-पिता ज्ञानबहादुर सापकोटा र माता फुलमायाँ सापकोटाको तेस्रो सन्तानका रुपमा जन्मिनुभएका सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङपालकोटका तारा प्रकाश सापकोटा समाजसेवीका रुपमा चिरपरिचित हुनुहुन्छ । सापकोटा सिन्धुपाल्चोक जिल्लाको साविक थाङपालकोट गाविस वडा नम्बर ४ रैथानेश्वरको पवित्र देव भूमिमा २०४५ असार १२ गते जन्मिनुभएको हो । समाज रूपान्तरण, अन्तर विभेद र युगांतकारी परिवर्तनको सपना देख्नु भएका सापकोटा विद्यालय जीवनदेखि नै निकै चतुर अनि निष्ठावान स्वभावका हुनुहुन्थ्यो ।

२०६२/६३ को आन्दोलनमा सक्रीय रुपले सहभागी हुनुभएका उहाँ भन्नुहुन्छ, ‘मलाई अब कमाउनु छैन, बरु कमाएको सम्पत्तिले राष्ट्र तथा जनताको सेवा गर्नु छ, हाम्रो जिल्लाका गरिब तथा असहायको जीवन उकास्नु छ, गाउँमा मोटरबाटो बिजुली खानेपानी आधुनिक कृषि प्रणाली आदि भित्र्याएर गाउँका बुबा



आमाहरूको अनुहार उज्यालो पार्नु छ ।’ सापकोटा समाजसेवामा विद्यालय जीवनदेखि नै सक्रीयरुपमा लागिपर्नु भएको थियो । रैथानेश्वरी युवा क्लवको अध्यक्ष भएर आफ्नो समाजसेवालाई अझै माथि पुऱ्याउने काम गर्नु भएका उहाँ उक्त क्षेत्रमा निकै नै लोकप्रिय हुनुहुन्छ ।

२०६४ सालमा सापकोटाको नेतृत्वमा सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका अन्तर्गतको नागिथाम डाँडासम्म मोटरबाटो बन्यो । त्यसपछि पनि उहाँको समाजसेवामुखी कार्यहरू रोकिएको छैन । उहाँले गर्नुभएका विभिन्न कार्यलाई बुँदागत रुपमा यसरी हेर्न सकिन्छ ।

» पाँचपोखरी थाङपाल गाउँपालिकाभित्रका विभिन्न स्थानमा पार्टी, पौवा, चौतारो निर्माण
» गाउँपालिका भित्रका विपन्न परिवारलाई औषधि उपचारदेखि सहयोग वितरण
» शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान
» युवा प्रोत्साहनस्वरुप खेल क्षेत्रमा सहयोग
» सार्वजनिक मोटरबाटो निर्माणमा व्यक्तिगत लगानी

गाउँले जीवनमा विभिन्न दुःखी, विपन्न वर्गको सारथी बन्दै अगाडि बढ्नुभएका सापकोट राजनीतिमा पनि सक्रीय हुनुहुन्छ । विद्यालयदेखि नै राजनीतिमा संलग्न उहाँ २०६४ सालमा उच्च शिक्षाका लागि काठमाडौं आउनु भएको थियो । उच्च शिक्षाकै क्रममा उहाँ नेपाली कांग्रेसको तरुण वडा सभापति हुँदै लोकतान्त्रिक खेलकुद संघको भातृ सभापति हुँदै केन्द्रीय सदस्य समेत हुनुभयो । उहाँ अहिले पनि नेपाली कांग्रेसको सदस्यको रुपमा राजनीतिमा सक्रीय हुनुहुन्छ । नेपाली कांग्रेसको गत महाधिवेशनमा उहाँ बाग्मती प्रदेशको महाधिवेशन प्रतिनिधि समेत हुनुहुन्थ्यो । राजनीतिमा मात्र होइन उहाँ विभिन्न प्राकृतिक प्रकोपका बेला समस्यामा परेकालाई सहयोग गर्न हरदम तत्पर हुनुहुन्छ । यही विशेषता तथा समाजमा गरेको सकारात्मक कार्यका कारण उहाँलाई थाङपालकोटका बासिन्दाले त्यहाँको ताराको उपनाम दिएका छन् ।

# शिक्षकहरूको मागमा दलहरूको दोहोरो चरित्र

## लेख लेख्नदेखि डीभी/पीआर भर्न नपाउने प्रावधान ।

**भोजराज पंडित**

विद्यालय शिक्षासम्बन्धी एउटा विधेयकमा समेटिएका विभिन्न प्रावधानप्रति असहमति जनाउँदै देशैभरि रहेका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरू पठनपाठन नै अवरुद्ध हुने गरी आन्दोलन गरिरहेका थिए । शिक्षकहरू आन्दोलित हुनुको पछाडि उनीहरूले राजनीतिक फाइदा लिइरहेको बुझिन्छ । नेपाली कांग्रेसको भए महासमितिमा जान पाउने, एमाले, माओवादीमा भएको भए पोलिटब्युरोमा जान पाउने । त्यो मौका पाएका छन् । राजनीतिक दलले शिक्षकलाई गाली गर्ने हो कि, अब भ्रातृ संगठन खोल्दैन भनेर भन्ने हो । शिक्षकको भ्रातृ संगठन चाहिएन, कर्मचारीको भ्रातृ संगठन चाहिएन, जो अपराध गर्‍यौं गर्‍यौं भन्ने किसिमको दृष्टिकोण नेतृत्वमा आयो भने सबै कुरा सल्टिन्छ ।



शिक्षकले भनेको अर्को कुरा हो- हामी स्थानीय तहको अधीनमा बस्दैनौं । त्यसो भए शिक्षक संघले भन्नुपर्‍यो, संघीयता चाहिएको हो कि नचाहिएको हो । विकेन्द्रीकरण चाहिएको हो कि नचाहिएको हो । विकेन्द्रीकरण र संघीयता भनेको के त ? त्यसो भए । कुन तहलाई विकेन्द्रीकरण भनिएको हो ? भन्नुपर्‍यो नि । शिक्षकहरूले संसद्मा दर्ता भएको 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'को मस्यौदा बन्दैखेरि नै त्यसप्रति असहमति व्यक्त गरेका थिए। त्यसलाई सम्बोधन गर्न भन्दै वार्ताहरू भएका थिए र सरकारले शिक्षकहरूको माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो। सयौं शिक्षकहरूले काठमाण्डूमा बुधवार प्रदर्शन गरेका थिए । कति पय नागरिकलाई शिक्षकहरूले किन आन्दोलन गरिरहेका छन् भन्ने बिषय पनि ज्ञान थिएन यस्को एक पात्र हुन वानेश्वरकी स्थानीय वासिन्दा फुलमायाँ श्रेष्ठ । सोही प्रतिबद्धताअनुसार पूरानो मस्यौदालाई परिमार्जन गरी मन्त्रिपरिषद्ले अहिले संसद्मा दर्ता भएको विधेयक अघि बढायो। तर शिक्षकहरूले आफ्ना कैयौं मागहरू हालको विधेयकले पनि सम्बोधन नगरेको भन्दै आन्दोलन गर्नुपरेको दाबी गरेका छन् ।

नेपाल शिक्षक महासङ्घकी अध्यक्ष कमला तुलाधरले भनिन्, "पहिले हामीसँग गरिएका सहमतिअनुसार केही कुरा त सम्बोधन भए तर धेरै कुरा सम्बोधन नभएकाले हामी आन्दोलन गर्न बाध्य भएका हौँ।" यद्यपि कार्यवाहक प्रधानमन्त्री समेत रहेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले गत मङ्गलवार राजधानीमा आयोजित एउटा कार्यक्रममा "शिक्षकहरूले आफ्ना मागबारे सरकारलाई जानकारी नै नगराई आन्दोलनमा उत्रिएको" बताएका थिए। यस बिषयले झनै उग्र रुपलियो ।

शिक्षकहरूका माग के हुन् त?

आन्दोलनमा उत्रिएका शिक्षकहरूले सरकारसमक्ष विभिन्न मागहरू राखेका छन्। उनीहरूले राखेका मुख्य मागहरू यस्ता छन् ।

» शिक्षक आन्दोलन करिब १०/१२ हजारको सङ्ख्यामा रहेका उमेर हद कटेका अस्थायी प्रकृतिका शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी बनाउनुपर्ने ।

» विद्यालयहरूमा कार्यरत करिब २७ हजार कर्मचारीहलाई हरेक विद्यालयमा दरबन्दी सिर्जना गरी कार्यरत कर्मचारीलाई प्राथमिकतामा राखेर स्थायी बनाउनुपर्ने र अवकास लिन चाहनेहरूलाई सुविधासहित अवकास दिनुपर्ने ।

» प्रारम्भिक बाल शिक्षाका सहजकर्ताहरूलाई पनि प्राथमिक तृतीय सरहको दरबन्दी सिर्जना गरी स्थायीको प्रक्रियामा लानुपर्ने ।

» नयाँ शिक्षा ऐन लागु हुनुअघि स्थायी भएका सबै शिक्षकहरूलाई अस्थायी अवधिलाई समेत गणनागरी पेन्सन पाउने व्यवस्था गर्नुपर्ने ।

» स्थायी भएको निश्चित अवधि पुगेपछि अर्थात् आवधिक रूपमा स्वतः बढुवा हुने व्यवस्था गर्नुपर्ने।

» निजामती कर्मचारी सरहको तलब र ग्रेड हुनुपर्ने ।

» विद्यालयका प्रधानाध्यापकहरूको नियुक्ति स्थानीय तहबाट हुन नहुने र निश्चित सेवा अवधि पुगेका शिक्षकबाट सेवा

आयोगमार्फत् परीक्षा लिएर गर्नुपर्ने ।

» शिक्षकहरूको वृत्ति विकासका लागि शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्ने ।

» शिक्षकको सरुवा र कार्यसम्पादन मूल्याङ्कन पालिकाहरूलाई दिन नहुने। त्यस्तो कार्य जिल्ला शिक्षा कार्यालयको सिफारिसमा प्रदेशस्तरबाट हुनुपर्ने ।

» दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई निजामती कर्मचारीसरह दुर्गम भत्ता दिनुपर्ने

» विद्यालय व्यवस्थापन समिति गठनको जिम्मा स्थानीय तहलाई दिनु नहुने र त्यसका लागि राजनीतिक चलखेल नहुने खालको व्यवस्था ऐनमै गर्नुपर्ने।

» सामुदायिक विद्यालयका शिक्षकहरूको दरबन्दी स्थानीय तहलाई हस्तान्तरण नगरी सङ्घ अन्तर्गत राख्नुपर्ने।

» निजी विद्यालयका शिक्षकहरूको तलब र भत्ता पनि सामुदायिकका शिक्षकहरूको बराबर हुनुपर्ने र उनीहरूको सामाजिक सुरक्षा कोषको व्यवस्था हुनुपर्ने ।

» विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका ट्रेड युनियन अधिकारलाई हनन् गर्ने खालका प्रावधान हटाउनुपर्ने ।

» शिक्षक र कर्मचारीलाई विभागीय कारबाही गर्ने अधिकार स्थानीय तहला दिनु नहुने ।

**शिक्षकको माग कतै राजनीतिक घुसेको त होइन ?**

आन्दोलनरत शिक्षकहरूले राखेका केही माग राजनीतिसँग जोडिएको देखिएको शिक्षाविद्हरू बताउँछन्। कतिपयका भनाइ उनीहरूले राखेका अन्य मागहरू देखाउनका लागि हुन् र मुख्यतः दलीय आबद्धता भएका सङ्गठनहरूमा शिक्षकहरू सदस्य बन्न नपाउने व्यवस्थाप्रति उनीहरूको असहमति व्यक्त भएको हो।

जस्तैः भारतको उदाहरण दिन्छु, भारतले विकेन्द्रीकरण भनेको प्रदेश मात्रै हो । त्यहाँ स्थानीय तहलाई अधिकार दिइएको छैन । उनीहरूले अधिकार प्रत्यायोजन गर्छन् । नेपालको विकेन्द्रीकरण भनेको पालिका हो । पालिका सरकार हो । त्यस्तो किसिमको कुरा हो भने त संविधान संशोधन गर्नुपर्‍यो । शिक्षक स्थानीय तहमातहत बस्न चाहँदैनौं, संविधान संशोधन गर्नुपर्‍यो भनेर भन्नुपर्‍यो । केही पालिकाको अधिकार प्रदेश सरकारलाई दिइएको छ । जस्तैः विशेष प्रकृतिको शिक्षा, शिक्षक तालिम, प्राविधिक शिक्षालय खोल्ने अधिकार ।

त्यसलाई महासङ्घकी अध्यक्ष तुलाधरले पनि अस्वीकार गरिनन् । उनले भनिन्, “शिक्षकलाई दलको सदस्यता लिनबाट रोक्नु ठिकै होला तर कुनै आस्थासँग निकट भएको पेसागत सङ्गठनको सदस्य पनि लिनु हुँदैन भन्ने कुरा पञ्चायतकालमा पनि नभएको कुरा हो ।“

“अहिले गणतन्त्रात्मक व्यवस्था छ र संविधानले नै ट्रेड युनियनको हक दिएको अवस्थामा सरकारले यस्तो गर्न कसरी मिल्छ ?”

**सिकाइमा समान अवसरका लागि राजनीति**

दलीय राजनीतिमा प्रायजसो समानताको मुद्दा उठाइन्छन् । विभिन्न कारणले अवसरबाट वञ्चित भएका वर्गलाई समतामूलक सहभागिताका लागि सबै दलले राजनीति गरेको भनिन्छ । अब शिक्षकले पनि साँच्चिकै राजनीति गर्ने हो भने सिकाइको अवसरबाट वञ्चित विद्यार्थीका लागि राजनीति गरौँ । एउटा कक्षामा उपस्थित विद्यार्थीमध्ये सबैले सिकाइ प्रक्रियामा भाग लिने अवसर पाएका छन् कि छैनन् भन्ने पहिचान गरौँ । सिकाइ क्षमता फरक-फरक हुन सक्छ । सिक्ने रुचिका विषय फरक हुन सक्छन् । सिक्ने तरिका पनि फरक हुन सक्छ । सिक्ने गति फरक हुन सक्छ। यस्ता पक्षलाई आफ्नो राजनीतिक सिद्धान्त बनाएर राजनीति गर्ने शिक्षक वास्तवमै नेता हो। जसरी दलीय राजनीतिमा पछाडि परेका वर्गलाई सशक्तीकरण गरी समान अवसर प्रदान गर्न राहत, ऋण मिनाह, न्यून ब्याजदरमा ऋण, आय आर्जनका लागि तालिम, विशेष आरक्षणजस्ता व्यवस्था गर्नुपर्छ भनेर आन्दोलन गरिन्छ, त्यसरी नै सिकाइका लागि समान अवसर सिर्जना गर्नका लागि पनि विभिन्न पहल गर्न सकिन्छ। कोही विद्यार्थी शिक्षकको व्याख्या सुनेर सिक्न खोज्छन्, कोही स्वयं आफ्नै सक्रियतामा सिक्न चाहन्छन् त कोही छलफल र अन्तर्क्रियामार्फत सिक्ने रुचि राख्छन् ।

**लेख लेख्नदेखि डीभी/पीआर भर्न नपाउने प्रावधान**

विशेषगरी संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकको दफा ७१ देखि ८८ सम्ममा राखिएका विभिन्न प्रावधानहरूमा शिक्षकहरूको असहमति देखिएको छ। ती दफामा राखिएका केही निषेधात्मक कुराहरू 'संविधानको समेत प्रतिकूल हुने' दाबी तुलाधर गर्छिन् । यद्यपि शिक्षाविद् कोइराला त्यहाँ समावेश कतिपय कुरा आचारसंहिताका रूपमा राख्नुपर्ने जस्ता रहेको बताउँछन्। आन्दोलनरत शिक्षकहरूसँगको कुरानानीमा ती दफाहरूमा समावेश मुख्यतः राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने, अनुचित खालको लेख रचना प्रकाशन तथा प्रसारण गर्न नहुने, कम्पनी खोल्न वा परामर्शदाताका रूपमा काम गर्न नपाउने र कुनै पनि अन्य देशको आवसीय अनुमति लिन वा त्यसका लागि आवेदन समेत दिन नपाउनेलगायतका विषयमा उनीहरूको असन्तुष्टि देखिएको छ ।

# छोटो समयमै सफल उद्यमी बनेका चौलागाई

स्थानीय सरोकार- कागेश्वरी मनोहरा नगरपालिका-६ मुलपानीमा चौलागाईं किरान खाद्य पसल सञ्चालन गर्दै आएका साधुराम चौलागाईंको पसलमा चामल, दाल, कोदो, फापर, गहत, मास, लोकल चामल, बोडी जस्ता धेरै प्रकारका रैथाने कृषि उत्पादनको माग बढिरहेको चौलगाईंको अनुभव छ । सिन्धुपाल्चोक भोटेचौर अर्थात पार्टिगाउँबाट किराना पसल र दुग्ध व्यवसाय



सञ्चालन गर्दै व्यवसायमा निकै उतार उतारचडावका वावजुत निकै खारिया चौलागाई आज भन्दा ५/६ बर्ष काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-६ मा जग्गा भाडामा लिइ किराना पसल र धान पिसानी-कुटानी मिल सञ्चालन गरे। जिन्दगीको उतारचडाव र संघर्षको भोगाईमा सानै उमेरबाट व्यावहारिक जीवनलाई आत्मसाथ गर्दै उनका जीवनसंगिनी कमला चौलागाई र संम्पूर्ण परिवारको साथ र सहयोगले नै आज एक सफल व्यापारी वनेर एक उद्यम व्यापारीका रुपमा स्थापित भएका छन् ।

अहिले उनि संघर्षको सफलता र केहि मुनाफाले आफ्नै घर/जग्गा जोडी होलसेल र मिल सञ्चालन गर्दै आएका छन् । हुन त साधुराम जस्ता धेरै युवाहरू राजधानीमा आफ्नो भविश्य नदेखेर विदेश पलायन हुनेको पनि कमि छैन । सबै जना व्यापारमा सफल हुन्छन् भन्ने पनि होइन । उनै साधुरा भन्नछन् विगतलाई सम्झन नपाए हुन्थ्यो। कुनै समय उनै साधुरामलाई समाजले एक हजार रुपैया पनि पत्याएन । छोटो समयमै सफल उद्यमी बने चौलागाईंले सिन्धुपाल्चोकको कोदो, फापर, जौ, सिमी लगायत कृषि उपज बिक्री गर्दै आएका चौलागाईंले पनि काठमाडौं उपत्यकामा यिनको बजार विस्तार भइरहेको देखेका छन् । गाउँ गाउँका जैविक उत्पादन काठमाडौंमा बजारीकरण गरिरहेको छ । चौलागाईं भन्छन्, "देशका सबै शहरका उपभोक्ता रैथाने कृषि उपजप्रति आकृष्ट हुँदै छन् ।" रैथाने बालीको आकर्षण र मागको तुलनामा उत्पादन भने बढेको छैन । बरु घट्दो क्रममा छ। रैथाने बाली प्रवर्द्धनमा सरकारको पहल पर्याप्त छैन। २००७ सालपछि उत्पादन बढाउन विकासे जातलाई प्रवर्द्धन गरिंदा रैथाने जात ओझेल परेको व्यापारी चैलागाईं बताउँछन् ।


## पाँचपोखरी थाङ्पाल गाउँपालिकाको अनुरोध

१. आफ्नो घर-आँगन सफा राखौं ।
२. विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
३. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
४. बालबालिकालाई विद्यालय पठाऔं ।
५. बालबालिकालाई काममा नलगाऔं ।
६. गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
७. गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवानाबाट बचौं ।
८. हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
९. व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
१०. आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं ।

**टासी लामा** अध्यक्ष

**सुनिता अधिकारी** उपाध्यक्ष

**नन्दलाल शर्मा** प्रमुख प्रशासकीय अधिकृत

**पाँचपोखरी थाङ्पाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# NEPALESE CUISINE

Gastronomic tourism in Neal is to experience the taste of delicious foods. Choices of tourism are many for you to move in, but probably move in just for the attraction of different food tastes is joyful. Nepal is one of the unique places especially for travelers from all across the world. You can enjoy Nepal trip with local delicious foods including Dal bhat, dhikiri, ghongee, sisnoko jhol, vhakka, baji set, Pani Roti, dhindo, wachipa, sekuwa, Momo etc. If you interested to learn how to cook Nepali meals then we do provide you nepali heritage cuisine course during the gastronomic tourism in Nepal. The attempt to develop culinary tourism idea in Nepal is just a form of lending great hospitality to the people who visit. Culinary tourism definition as you know, Nepal is a place for traveling. Thus former innovators have made markets evolving with different tastes and products from all across. The taste of food has fascinated the entire traveling group over time. Thus this provoking ideally gave the idea of Gastronomic tourism in nepal. The whole diversity gets summoned up through the wide gastronomic part of Nepal. Preparing food in Nepal is very smooth and also full of nutrition.



Dal-bhat-tarkari is the standard meal eaten twice daily traditionally by the Khas people. However, with land suitable for irrigated rice Pjd\dies in short supply, other grains supplement or even dominate. Wheat becomes unleavened flat bread (roti). Maize (makai), buckwheat (fapar), barley (jau), or millet (kodo) becomes porridge-like (dhido or ato). Tarkari can be spinach and fresh greens (sag), fermented and dried greens (gundruk or sinki), white radish (mula), potatoes (alu), green beans (simi), tomatoes (golbeda), cauliflower (kauli), cabbage (bandakopi), pumpkin (farsi), etc. The climate of the hilly region remains moderate throughout the year. This kind of climate is perfect for horticulture. Fruits traditionally grown in the hills include mandarin orange (suntala), kaffir lime (kagati), lemon (nibuwa), Asian pear (nashpati), and bayberry (kaphal), mangoes (aanp), apples (syauu), peach (aaru), plum (aalcha or aarubakhara), apricot (kurpani) . In some seasons there is an excess amount of these fruits

produced. These excess fruits are often preserved or otherwise made use of in the form of Alcohol, pickles, dried fruits and fruit juice. Dahi (yogurt) and curried meat (masu) or fish (machha) are served as side dishes when available. Chicken (kukhura) and fish are usually acceptable to all including the Khas Brahmin (Bahun) caste. Observant Hindus never eat beef (gaiko masu). They also eschew buffalo and yak meat as being too cow-like. Domestic pork (sungurko masu) was traditionally only eaten by aadibasi, however wild boar (bangur ko masu) was traditionally hunted and eaten by magars. A strain derived from wild boar is now raised in captivity and used for meat that is increasingly popular with Pahari ethnicities and castes that did not traditionally eat pork. Khas Chettris, however, eats bandel (wild boar) as it is considered clean due to its forest habitat though they do not eat pork meat. Nepal produces a variety of fruits (persimmons, apples, mangoes, tangerines, kiwis) and nuts that are featured in locally prepared sweets. Dessert is not a well-established concept in the Nepali cuisine and sweets made with milk; yogurt and cheese are often eaten for breakfast as standalone meals. Sometimes grated carrots are used instead of flour, or semolina, rice, corn or puffed lotus seeds. Barfi is made with some combination of lentils, fruits, flour and thickened milk. Beverages are Tea (chiya) usually taken with milk and sugar, juice of sugarcane (sarbat), and buttermilk (mahi) are common non-alcoholic drinks. Alcoholic drinks include raksi, spirits made in rustic distilleries, and jaand/jard, homemade beer made from rice. At higher elevations there is millet beer Tongba, nigaar and chhyaang.

Recipes include Sherpa cuisine, Terai cuisine, Chepang cuisine, Majhi cuisine, Tharu cuisine, Limbu Cuisine Newari cuisine, Tamang cuisine, Rana cuisine, Royal cuisine, Lohorung cuisine, Himalayan cuisine, Methila Cuisine, Thakali cuisine etc rich in spices. So many travelers visit nepal to take the taste of heritage cuisine. Visiting Nepal for gastronomic tourism is joyful. A wow culinary tourism food has been quite delicious; Foods are available as per the taste and region from where you belong. Regular platter being provided by nearby place is always mouthwatering and with excellent aroma. The main aims of gastronomy tourism in Nepal are to serving tourists with Nepalese food in during their trip including all regions cuisines. Touring Nepal for experiencing gastronomic tourism in Neal can be done any season that you prefer. Nepal welcomes their tourists with all cooking varieties in a full pledged support. We are working to promote taste Nepalese food all over the world, provide cooking course all interested at our global farm also. Every year participate in food festival in Nepal with the aim of promoting the idea behind gastronomic tour in Nepal.

***Kumar Chalise***
*Corporate chef*
*chefkumarchalise@gmail.com*

**हेलम्बु गाउँपालिकाको अनुरोध**

» बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**निमा ग्याल्जेन ह्योल्मो** — अध्यक्ष
**अप्सरा लम्साल** — उपाध्यक्ष
**विनोद रोका** — प्रमुख प्रशासकीय अधिकृत

**हेलम्बु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल

**सुवर्ण गाउँपालिकाको अनुरोध**

१. आफ्नो घर-आँगन सफा राखौं ।
२. विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
३. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
४. बालबालिकालाई विद्यालय पठाऔं ।
५. बालबालिकालाई काममा नलगाऔं ।
६. गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
७. गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवानाबाट बचौं ।
८. हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
९. व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
१०. आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं ।

**राजेश प्रसाद यादव** — अध्यक्ष
**पुनम कुमारी** — उपाध्यक्ष
**वकिल प्रसाद पाल** — प्रमुख प्रशासकीय अधिकृत

**सुवर्ण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मधेश प्रदेश, कवहीगोठ, बारा

# बसन्तपुरमा २ करोड लगानीमा मनोरञ्जन संरचना थपिंदै

स्थानीय सरोकार - लुम्बिनी केबलकार लिमिटेडले टप स्टेशन बसन्तपुरमा साहसिक खेल जीपलाइन सञ्चालनमा ल्याएको छ । ४० लाख लागतमा बनेको जीपलाइन एक सय ५० मिटर लम्बाइको छ । एक हप्तासम्म परीक्षण गरेपछि आमसर्वसाधारणका लागि कम्पनीले जीपलाइन नियमित सञ्चालन गरेको हो । सञ्चालनमा आएसँगै जीपलाइनमा चढ्न विशेषगरी युवा युवतीको बढी आकर्षण रहेको कम्पनीले जनाएको छ ।

बुटवलको बमघाटमा रहेको बटम स्टेशनबाट केबलकार चढेर पालपाको तिनाउ गाउपालिका ३ बसन्तपुर आउने पर्यटकलाई



साहसिक खेलको आनन्द र मनोरन्जन दिलाउन जीपलाइन सञ्चालन गरेको कम्पनीका इन्जिनियर सनी चौरसियाले बताए । केबलकार चढ्न आउने पर्यटक मध्ये दैनिक सरदर ७० जना जीपलाइन चढ्ने गरेका चौरसियाले बताए । जीपलाइनमा ६ जनाले रोजगारी पाएका कम्पनीले जनाएको छ । केबलकारमा आउने आन्तरिक र विदेशी पर्यटकको मनोरन्जनका लागि कम्पनीले थप डेढ करोड बढी लगानीमा स्काई साइक्लिङ, विद्युतीय पिङ, बाल उद्यान र सेल्फी जोन लगायतका संरचनाहरू बनाउने प्रकृयामा रहेको इन्जिनियर चौरसियाले बताए । आगामी दुई महिनाभित्र यी सबै संरचनाहरू तयार गरी पर्यटकहरू दिनभर भुल्न सकिने वातावरण बनाउने उनले बताए । जीप लाइन चढ्नेहरूले यो खेल निकै रोमाञ्चक र रमाइलो लागेको प्रतिक्रिया दिने गरेका छन् । उनीहरूले केबलकार सञ्चालनले बुटवलमा नयाँ र आकर्षक पर्यटकीय गन्तव्य थपिएको र यसले प्रदेशको राजधानी बुटवलबाट दाङ सरेपछि बुटवलको चहलपहल र ब्यापारमा केही मात्रामा सुधार भएको बताएका छन् ।

**साढे ३ महिनामा ७४ हजार जना चढे केबलकार**

केबलकार सञ्चालनमा आएको साढे ३ महिनामा ७४ हजार ५० जना पर्यटकले केबलकार चढेका कम्पनीका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले जानकारी दिए । जसमा ४ हजार ५५ जना भारतीय र १९ जना तेस्रो मुलुकका रहेका छन् । जीपलाइन सँगै स्काई साइक्लिङ, विद्युतीय पिङ, बाल उद्यान पनि तयार भएपछि बसन्तपुर स्वदेशी र विदेशी पर्यटकको आकर्षण र रोजाईको गन्तब्य बन्ने कम्पनीको विश्वास छ । समुद्री सतहबाट १२ सय मिटर उचाईमा रहेको बसन्तपुरमा गर्मी मौसममा तराईमा भन्दा झण्डै १० डिग्री सेल्सियस तापक्रम कम हुने हुंदा शीतल हुने हिउंदमा तराईमा हुस्सु र जाडो हुंदा घाम लागेर न्यानो हुने भएकाले बसन्तपुर पर्यटक मात्र नभई सर्वसाधारणको पनि घुम्न जाने रोजाईको थलोमा पर्ने छ । नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष समेत रहेका चन्द्र ढकाल नेतृत्वको आईएमई ग्रुपको मुख्य लगानी रहेको कूल ५ अर्ब लागतको केबलकारको टप स्टेशनमा बनेको कामाख्यादेवी मन्दिर र सय वर्ष पूरानो दुर्गा मन्दिर पनि धार्मिक हिसाबले केबलकारको विशिष्ट आकर्षण बनेका छन् । कामाख्या मन्दिरको दर्शनका लागि भारतको उत्तर प्रदेशका विभिन्न शहरबाट समेत उल्लेख्य संख्यामा दर्शनार्थीहरू आउने गरेका कम्पनीले जनाएको छ । कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र जीवनमा आइपर्ने संकटबाट मुक्ति पाइने भएकाले दर्शन गर्न आएको ब्यासाचार्य पण्डित नारायणप्रसाद पोखरेलले बताए ।

टप सटेनशमा साढे ३ अर्ब लागतमा २ वर्षभित्र १ सय ५० कोठा,एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनो सहित पांच तारे होटेल बनाउने योजना छ । केबलकारले प्रत्येक टिकट मुल्यको २ प्रतिशत सेवा शुल्क वापत बुटवल उपमहानगरपालिका र तिनाउ गाउंपालिकालाई दिंदै आएको छ । २.६ किलोमिटर दुरीको लुम्बिनी प्रदेशकै पहिलो केबलकार गत जेठ १५ गतेदेखि सञ्चालनमा आएको हो । केबलकारले अधिकांश स्थानीयसहित हाल करिब सय जनालाई रोजगारी दिएको छ भने पांचतारे होटेल सञ्चालनमा आउँदा पाँच सय बढीले रोजगारी पाउनेछन् ।

# स्थानीय तहमा यसरी हुन्छ भ्रष्टाचार र अनियमितताको चलखेल

भ्रष्टाचार एक प्रकारको बेइमानी वा फौजदारी अपराध हो जुन कुनै व्यक्ति वा संस्थाले अख्तियारको पदमा सुम्पिएको छ । अवैध फाइदा लिन वा आफ्नो व्यक्तिगत लाभको लागि शक्तिको दुरुपयोग गर्नको लागि । भ्रष्टाचारले धेरै गतिविधिहरू समावेश गर्न सक्छ जसमा घूसखोरी, प्रभाव पेडलिंग र अपव्यय समावेश हुन सक्छ र यसले धेरै देशहरूमा कानुनी अभ्यासहरू पनि समावेश गर्न सक्छ । राजनीतिक भ्रष्टाचार तब हुन्छ जब कुनै पदाधिकारी वा अन्य सरकारी कर्मचारीले व्यक्तिगत लाभको लागि आधिकारिक क्षमताको साथ काम गर्दछ। भ्रष्टाचार Kleptocracies, oligarchies, नार्को-स्टेट, र माफिया राज्यहरूमा सबैभन्दा सामान्य छ ।

भ्रष्टाचारका बारेमा लेख्नुभन्दा पहिले भ्रष्टाचार भनेको के हो भन्ने बुझ्नु जरुरी देखिन्छ । आखिर के हो त भ्रष्टाचार ? अनलाइन पुस्तकालय 'विकिपिडिया' का अनुसार भ्रष्टाचार भन्नाले दुई शब्द 'भ्रष्ट' र 'आचार' को सन्धि हो, जहाँ 'भ्रष्ट' को अर्थ खराब र 'आचार' को अर्थ आचरण (बानी-व्यवहार) हुन्छ । अर्थात्, भ्रष्टाचारको अर्थ खराब आचरण भन्ने बुझिन्छ । तसर्थ, समग्रमा भ्रष्टाचारलाई पतीत आचारण र दूषित मर्यादाका रूपमा व्याख्या गर्न सकिन्छ ।

नियम वा कानुनविरुद्ध नैतिकता पतन हुने गरी घूस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम, भ्रष्ट मनसाय वा घुसखोरीको काम नै भ्रष्टाचार हो । त्यसैले भ्रष्टाचार गर्नु जघन्य अपराध हो । हाल नेपालमा भ्रष्टाचारले जरो गाडेर बसेको छ । सरुवा रोगजस्तै चारैतिर व्याप्त रूपमा फैलिएर रहेको छ । नेपालको कुनै पनि क्षेत्र भ्रष्टाचारको जालोबाट अछुतो छैन । राज्यका सरकारी निकायहरू, निजी तथा सार्वजनिक संस्थानहरू साथै गैरसरकारी संस्थाहरूमा समेत भ्रष्टाचार हुने गरेको समाचार छ्यापछ्याप्ती सुन्न र पढ्न पाइन्छ । भ्रष्टाचार र अपराध स्थानीय समाजशास्त्रीय घटनाहरू हुन् जुन नियमित फ्रिक्वेन्सीको साथ लगभग सबै देशहरूमा विभिन्न डिग्री र अनुपातहरूमा विश्वव्यापी स्तरमा देखा पर्दछ। हालको तथ्याङ्कले भ्रष्टाचार बढ्दै गएको बताउँछ। प्रत्येक राष्ट्रले भ्रष्टाचार नियन्त्रण र नियमन र अपराधको रोकथामका लागि घरेलु स्रोतहरू विनियोजन गर्दछ । भ्रष्टाचार नियन्त्रण गर्नका लागि अवलम्बन गरिएका रणनीतिहरूलाई प्रायः भ्रष्टाचार विरुद्धको छाता शब्दमा संक्षेपित गरिन्छ । थप रूपमा, संयुक्त राष्ट्र संघ दिगो विकास लक्ष्य १६ जस्ता विश्वव्यापी पहलहरूको पनि एक लक्षित लक्ष्य छ जसले यसको सबै रूपहरूमा भ्रष्टाचारलाई पर्याप्त रूपमा कम गर्ने मानिन्छ ।

**जाम्बियामा एउटा बिलबोर्डले जनतालाई "भ्रष्टाचारलाई नमान्नुहोस्" भनेर आग्रह गरिरहेको छ ।**

स्टीफन डी. मोरिस । राजनीतिका प्राध्यापकले लेखे कि राजनीतिक भ्रष्टाचार भनेको निजी स्वार्थको लागि सार्वजनिक शक्तिको अवैध प्रयोग हो। अर्थशास्त्री इयान सिनियरले भ्रष्टाचारलाई गोप्य रूपमा तेस्रो पक्षलाई राम्रो वा सेवा प्रदान गर्ने कार्यको रूपमा परिभाषित गरेका छन् जसले भ्रष्ट, तेस्रो पक्ष, वा दुवै जसमा भ्रष्ट एजेन्टको अधिकार छ। विश्व बैंक अर्थशास्त्री ड्यानियल काउफम्यानले "कानूनी भ्रष्टाचार" लाई समावेश गर्न अवधारणा विस्तार गरे जसमा कानूनको दायरा भित्र शक्तिको दुरुपयोग हुन्छ - किनकि शक्ति भएकाहरूसँग प्रायः आफ्नो सुरक्षाको लागि कानून बनाउने क्षमता हुन्छ। पूर्वाधारमा भ्रष्टाचारको असर लागत र निर्माण समय बढाउनु, गुणस्तर घटाउनु र लाभ घटाउनु हो । भ्रष्टाचार एक जटिल घटना हो र विभिन्न तराजू मा हुन सक्छ। भ्रष्टाचार एक सानो संख्या (सानो भ्रष्टाचार) बीचको सानो पक्षबाट, ठूलो मात्रामा सरकारलाई असर गर्ने भ्रष्टाचार (महान भ्रष्टाचार), र भ्रष्टाचार जुन यति प्रचलित छ कि यो समाजको दैनिक संरचनाको हिस्सा हो । संगठित अपराध (प्रणालीगत भ्रष्टाचार) को एक लक्षणको रूपमा भ्रष्टाचार सहित ।

धेरै सूचकहरू र उपकरणहरू विकसित गरिएका छन् जसले बढ्दो शुद्धताका साथ भ्रष्टाचारका विभिन्न रूपहरू मापन गर्न सक्छन्; तर जब ती अव्यावहारिक हुन्छन् । एक अध्ययनले क्याबिनेट मन्त्रीहरूको मोटोपना फेला पारेपछि शरीरको फ्याटलाई नराम्रो गाईडको रूपमा हेर्न सुझाव दिन्छ । संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहमा सिधै केन्द्रबाट रकम पुग्ने अवस्था छ र स्थानीय तह संचालनको लागि ऐन नबनुन्जेलसम्मको लागि नेपाल

सरकार मन्त्रीपरिषद्बाट ०७४ जेठ १७ मा जारी गरिएको स्थानीय तहको सेवा सन्चालन तथा ब्यवस्थापन सम्बन्धी आदेश,२०७४ जारी भएको छ । जस अनुरुप स्थानीय तहले विभिन्न अधिकारहरू स्वयं प्रयोग गर्न पाउँछ । स्थानीय तहको निर्वाचन पछि जनताले जनप्रतिनिधिहरू पाएका छन् । गाउँगाउँमा सिहदरबार पुगेको आभाष नेपाली जनताले गरेसगै विकासले पनि अब फड्को मार्ने अपेक्षा रहेको छ । तर, के जनअपेक्षा अनुरुप साँच्चिकै विकासले अब फड्को मार्छ भन्नेमा जनता ढुक्क हुन सक्ने अवस्था छ त ? पहिलेको स्थानीय निकायमा हुने गरेको भ्रष्टाचारको श्रृङ्खलाहरू अब दोहरिदैनन् त वा हालको स्थानीय तहमा पनि कुनै अभै त्यस्ता त्रुटीजन्य अवस्थाहरू छन् जसले भ्रष्टाचारको जालोलाई थप भाागिने अवसर प्रदान गर्दछ ? एकातिर नेपाल दक्षिण एसियामा तेस्रो भ्रष्ट देशको रुपमा रहेको कुरा ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्टको पछिल्लो प्रतिवेदनले बताएको छ भने अर्कोतिर देशको स्थानीय तहमा सिधै विकासका कार्यक्रमहरू कार्यान्वयन हुने अवस्था सृजना भएको छ । यहि परिपेक्षमा स्थानीय तह र सम्भाब्य भ्रष्टाचारको अवस्थालाई केलाउनु सान्दर्भिक रहन्छ । जनप्रतिनिधिविहीन स्थानीय निकायहरू हुँदा जिल्ला विकास समितिहरूको बेरुजु १२ अर्ब ४७ करोड नाघेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ । यसको संकेत डरलाग्दो भएकोमा चिन्ता व्यक्त गर्दै विज्ञहरूले स्थानीय तहको निर्वाचनपश्चात भन् बढ्न सक्ने औंल्याएका छन् । संघीय गणतन्त्र नेपालको संविधानअनुरुप स्थापना भएका स्थानीय तहहरूले स्थानीय तहका पदाधिकारीहरूको आफूखुसी सुविधा तोकेको विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पटक पटक ध्यानाकर्षण गराउँदै रोक्नु परेको मन्त्रालयका सचिव दिनेशकुमार थपलिया बताउँछन् । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि सवैधानिक निकायका रूपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन गरिएको थियो । हाल अख्तियारले राज्यका सबै सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचारको व्यापक छानबिन गर्दै अख्तियार दुरुपयोग रोक्ने प्रयत्न गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका काम-कारबाहीमा विभिन्न कोणबाट प्रश्न र शङ्का हुने गरेका छन्। 'ठूला माछा उम्काउने, साना माछा समात्ने' आरोपसँगै यसले दोषीलाई बचाउने र निर्दोषलाई फसाउने गरेको बात पनि लाग्छ । मुद्दा चलाएका कतिपय व्यक्ति अनुसन्धानपछि निर्दोष ठहरिने गरेका छन्। ठूलो रकम, ठूला अधिकारी र धेरै प्रतिवादी बनाइ दर्ता गरिएका 'हाई प्रोफाइल' मुद्दामा अदालतबाट थोरै मात्र रकम र केहीलाई मात्र दोषी र धेरै निर्दोष ठहर भएको पाइन्छ ।

नेपाल पर्यटन बोर्डको भ्रष्टाचार प्रकरणमा रु.३४ करोड मागदाबी सहित २३ जनालाई प्रतिवादी बनाइएकोमा फागुन २०७४ मा विशेष अदालतबाट तीन जनालाई मात्र दोषी ठहर गरी करीब ७० लाख रुपैयाँ मात्र बिगो तिराउने फैसला भएको थियो। धेरै प्रतिवादी संलग्न कतिपय यस्ता मुद्दामा त सबैजसोले सफाइ पाएको पनि देखिन्छ । आयोगले तयार गरेको वार्षिक प्रतिवेदन अनुसार, विगत १० वर्षको मुद्दाको सफलता प्रतिशत ५० देखि ८८.२४ को बीचमा रहँदै औसत ८० प्रतिशत छ । एक चौथाइभन्दा बढी मुद्दा नक्कली शैक्षिक प्रमाणपत्रको हुने र यसको सफलता सय प्रतिशत हुँदा औसत प्रतिशत बढी भएको हो । त्यसलाई कटाउने हो भने औसत ७० प्रतिशत हाराहारीमा आउँछ। यस आधारमा करीब ३० प्रतिशत मुद्दामा प्रतिवादीले सफाइ पाउँछन् । मुद्दा परेर अदालतबाट सफाइ पाउँदैमा सकियो भन्न मिल्दैन। भ्रष्टाचार मुद्दाले प्रतिवादीमा बहुआयामिक क्षति पुर्‍याउँछ। भ्रष्टाचार अन्य अपराध जस्तो व्यक्तिगत हुँदैन, यो अनैतिक सामाजिक अपराध हो। मुद्दा पर्ने बित्तिकै प्रतिवादीको पारिवारिक र सामाजिक सम्बन्ध प्रभावित हुन्छ, बिथोलिन्छ। सार्वजनिक सेवालाई जीवनवृत्ति बनाएको कर्मचारी मुद्दा परेपछि तीन चौथाइ तलब कटौती हुँदा आर्थिक सङ्कटमा पर्छ । मुद्दा परेपछि कसैले काम पनि नदिने भएकाले मुद्दा अवधिभर बेरोजगार बस्दा घरपरिवारदेखि समाजमा उसको हैसियत कमजोर बन्छ। मुद्दा परेको अवस्थामा निलम्बनमा पर्ने भएकाले नियमित रूपमा हुनुपर्ने बढुवा र अन्य पेशागत अवसरबाट पनि वञ्चित हुनुपर्छ । हामीकहाँ भ्रष्टाचार मुद्दामा निर्दोष ठहर भए क्षतिपूर्ति भराउने व्यवस्था नै छैन। अर्कोतिर, भ्रष्टाचारको मुद्दा चल्दा व्यापक प्रचार हुने तर निर्दोष भनी फैसला आएपछि खासै प्रचार नहुँदा पेशागत र सामाजिक पुनःस्थापनामा पनि समस्या हुने गरेको छ। ठूलो सङ्ख्यामा निर्दोष कारबाहीमा पर्नुलाई सामान्य मान्न मिल्दैन। भ्रष्टाचार व्याप्त रहेको र यसले आर्थिक-सामाजिक विकासमा पुर्‍याएको क्षति हेर्दा यसप्रति कठोर बन्नु पक्कै आवश्यक छ। यसमा संलग्न कसैलाई छोड्न हुँदैन, तर कठोरताको नाममा निर्दोष पर्नु अपूरणीय क्षतिको विषय हो । तसर्थ, भ्रष्टाचार नियन्त्रणका लागि राष्ट्रका सर्वसाधारण नागरिक, कर्मचारी, राष्ट्रका विभिन्न निजी, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू र भ्रष्टाचारविरुद्धका सम्पूर्ण निकायहरू एकजुट भएर भ्रष्टाचारविरुद्धको अभियानमा लागिपरेको खण्डमा मुलुकबाट सधैंका लागि भ्रष्टाचार उन्मूलन गरी देशमा सुशासन कायम गर्न सकिन्छ ।

# समाजको ऐना

**(गद्यकविता)**



समाजको ऐना शिक्षक,
आफ्नो चित्र र विद्यार्थीको चरित्र देख्ने शिक्षक
समाजको निर्देशक र पथप्रदर्शक शिक्षक
नैतिकताको पाठ अध्यापन गराउने शिक्षक
आज लौरो टेक्दैटेक्दै आन्दोलनमा होमिन बाध्य भएका छन्
छातीमा हात राख्दैराख्दै रातभरि खोकिरहनुपरेको छ
हिजोसम्म कक्षामा अध्यापन गराउने शिक्षक
आज सडकबाट अन्धो, लाटो र बहिरो सरकारलाई अध्यापन गराउँदै छन्
शिक्षक, शिक्षक आन्दोलनलाई कोसे ढुङ्गा बनाउँदै छन् , चेतना भया ।

समाजको ऐना शिक्षक,
अरूको चरित्र निर्माण गर्ने शिक्षक
विद्यार्थीलाई गोरेटोमा हिँडाउन र राजमार्गमा दौडाउन सिकाउने शिक्षक
अरूलाई अनुशासन, नैतिकता र आचरण  सिकाउने शिक्षक
आज आफ्नै हक र अधिकारका लागि
चर्को घामको प्यास र दर्के पानीको क्रन्दन नभनी
आज सडकबाट सरकारलाई पाठ बुझाउँदै छन्
आखिर सरकार पनि गुरुकै चेलाको झुण्ड हो
शिक्षक , शिक्षक आन्दोलनलाई कोसे ढुङ्गा बनाउँदै छन् , चेतना भया ।

समाजको ऐना शिक्षक,
सधैं अनुशासन , नैतिकता र हुटहुटी सिकाउने शिक्षक
सधैं प्रश्न बनाएर विद्यार्थीलाई परीक्षा लिने शिक्षक
सरकारले बनाएको प्रश्नपत्रमा
आज आफैं सडकबाट परीक्षा दिइरहेका छन्
कुन श्रेणीमा उत्तीर्ण हुन्छन्  , थाहा छैन तर पनि परीक्षा दिइरहेका छन्
निजामती ऐन र विद्यालयीय शिक्षा ऐनमा किन यति धेरै भिन्नता ?
के शिक्षक तेस्रो दर्जाका नागरिक हुन्  ?
शिक्षक , शिक्षक आन्दोलनलाई कोसे ढुङ्गा बनाउँदै छन् , चेतना भया ।

रचना : लक्ष्मीप्रसाद ढकाल
दर्शनाचार्य
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

## बुढानिलकण्ठ नगरपालिकाको अनुरोध

» बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**मिठाराम अधिकारी** नगर प्रमुख
**अनिता लामा** नगर उप-प्रमुख
**तुल्सीराम अर्याल** प्रमुख प्रशासकीय अधिकृत

**बुढानिलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, काठमाडौं, नेपाल



14th ANNIVERSARY

CLASSIC TECH
छोयो कि चल्यो

# I AM

## Fast



(Swift)

## Reliable



(Trustworthy)

## Benefactor




(Provide various offer)

T & C Applied*

# WHO AM I ?

पैसा सस्तो
Speed रोजेको जस्तो




150 Mbps With Router & STB

200 Mbps With Router & STB

250 Mbps With Router & STB

www.classic.com.np

sales@classic.com.np

+977-9801004477


संस्कार र व्यवहार सहितको शिक्षा.....

# PROSPECTUS

+2
- Science
- Management
- Humanities
- Education
- Law




नेपाली तथा अंग्रेजी दुवै माध्यममा बढाई हुने




Proposed

**BBA** **BA** **BSW** **BBS**

## AAKASH DEEP COLLEGE

Gokarneshwor-7, Dakshindhoka, Kathmandu
+977-01-4911658, 4910797, 4910299
collegeaakashdeep@gmail.com
www.aakashdeep.edu.np
Aakash Deep School